# अध्याय एक

# **परिचय**

## १.१ **पृष्ठभूमि**

युगौदेखि समाजमा लिङ्गका आधारमा महिला र पुरुषबिच विभेदीत सम्बन्ध रहदै आएको छ । वर्तमानको आधुनिक युगसम्म आइपुग्दा पनि यस्ता प्रशस्तै सामाजिक विभेदहरू समाजमा विद्यमान रहेका छन् । व्यक्ति जन्मेपछि उनीहरूका कार्यसम्पादनलाई समाजले निर्धारण गरिदिने हुँदा यस्ता विभेदहरूको स्वरूपमा परिवर्तन भएपनि असमानता यथास्थानमा रहिरहेको पाइन्छ । यिनै असमानताहरूलाई समाजले अनुमोदन गरिदिनाले लैङ्गिक विभेदको सृजना भएको छ । यस्तै असमानतामहरु समाजले महिला र पुरुषलाई लिङ्गका आधारमा दिएको सामाजिक  भूमिका र कार्यलाई जेण्डर वा सामाजिक लिङ्ग भनिन्छ । यस्तै सामाजिक लिङ्ग बिच रहेका असमानताहरूलाई नै लैङ्गिक विभेदका रूपमा लिइन्छ । व्यक्ति, परिवार, समाज र समाजका सामाजिक संस्थाहरुले लैगिक विभेदको विभेदकारी सम्बन्धलाई अनुशरण गर्नुले सामाजिक सम्बन्धहरु परिर्वतनकारी हुन सकीरहेका छैनन् ।

लैङ्गिक विभेदले समाजमा महिला र पुरुषलाई सामाजिक मुल्य र मान्यता भित्र रहेर विविध भूमिका निर्धारण गरी दिएको हुन्छ र त्यही भूमिकालाई सामाजिकिकरण गर्नुले लैङ्गिक विभेदलाई बुझाउँछ वा महिला र पुरुषलाई लिङ्गका आधारमा शक्ति वितरण गर्ने कार्य हो भन्ने पनि बुझाउँछ । लैङ्गिक विभेद हाम्रो मात्र नभएर विश्वस्तरको सामाजिक रोग हो, यसले महिला र पुरुषबिच रहेको असमानताको व्याख्या गर्दछ । लैङ्गिक विभेद पुरुष र महिलाबिच रहेको असमान सम्बन्धको व्याख्या गर्ने वास्तविक तथ्य हो (भषिन, १९९४) । त्यसकारण यो प्राकृतिक भन्दा पर सामाजिक चरित्रको हुन्छ । नेपालको सन्दर्भमा लैङ्गिक विभेदको सुरुवात  पुरातनवादी धार्मिक मान्यतामा आधारित रहेर भएको पाइन्छ । समाजले लैङ्गिक विभेदलाई महिला र पुरुषबिच लिङ्गका आधारमा जोडेर परिभाषित गर्न खोजे यसलाई बुझ्न सहज तरिकाले सकिदैन । यसलाई महिला र पुरूषक फरक फरक

पहिचानभन्नु जरूरी हुन्छ । यही फरक पहिचानको सामाजिकिकरण प्रक्रिया नै लिङ्गका आधारमा गरिने विभेदपूर्ण सम्बन्ध हो ।

लैङ्गिक विभेद समाजले व्यक्ति जन्मेपछि व्यक्तिलाई गरिने सामाजिकिकरण प्रक्रिया हो । किनकी व्यक्ति जन्मिदा केटा वा केटी बनेर जन्मिन्छ र समाजले उनीहरूलाई महिला र पुरुष भनेर नामाकरण गर्दछ । समाजले गरिदिने नामाकरण महिला र पुरुषलाई उनीहरूको लिङ्गलाई नै आधार मानेर सामाजिकिकरण गरेको हुन्छ । सामाजिकिकरणले सामाजिक मुल्य र मान्यता भित्र रहेर महिला र पुरुषबिच गरिएका सामाजिक विभेदहरूले उनीहरूको कार्य निर्धारण गरेको हुन्छ । यस्ता खालका असमान भूमिकाले गर्दा समाजमा महिला र पुरुषबिच सदियौं देखि विभेद रहँदै आएको छ । यस्तो किसिमको लैङ्गिक विभेदको सुरुवात सामाजिक भूमिकाको सामाजिकिकरणले गर्दा अघि बढिरहेको पाइन्छ । यस्ता विभेदहरू शिक्षा, स्वास्थ्य तथा विकासका हरेक आधारभुत सामाजिक संरचनामा जोडिरहेको देखिन्छ । त्यसकारण लैङ्गिक विभेद सदियौंदेखि महिलामाथि गरिदै आएको असमान व्यवहार हो । जहाँ लैङ्गिक विभेद भन्नाले अक्सर प्रस्ट बुझिने र फराकिलो आधारमा गरिने अझ विशेषगरी महिला माथि गरिने अपमानपूर्ण व्यवहारलाई वुझाउँछ । जसमा महिलाको कुनैपनि योग्यताको कदर गरिएको हुँदैन ।

लैङ्गिक विभेद सामान्यत एक किसिमको अन्यायपूर्ण अनुचित व्यवहार हो, जो जुनसुकै लिङ्गप्रति गरिएको किन नहोस (अधिकारी, २००७) । विभेद आफैमा अन्यायपूर्ण अमानविय व्यवहार हो । जुन जन्मदेखि नै पुरुष र महिला केन्द्रित व्यवहार र मान्यताको मानसिकताबाट बच्चाहरूलाई निर्देशित गरिन्छ । जहाँ सानो बच्चालाई बच्चैबाट परिवारले विभेद सहितको वातावरणको सहजीकरण गरिदिन्छ । जसको सहयोगले बच्चैबाट विभेदरहित मानसिकताको विकास गर्न सहयोग पुर्याउँछ । त्यसैकारण यस्ता अनुचित व्यवहारको निरन्तरता समाजमा रहिरहेको छ र त्यसलाई सामाजिकिकरण प्रक्रियाको माध्यमबाट निरन्तर समाजले सहजीकरण गरिहेको हुन्छ । धार्मिक समाज र सँस्कृतिको प्रभावले गर्दा पनि समाजमा लैङ्गिक विभेद सहजीकरण हुन सहज र सरल बनिरहेको छ । धर्म, सँस्कृती र परम्परालाई लैङ्गिक विभेदका लौह तत्वहरू हुन । सामाजिक लिङ्गको प्रभाव निरन्तर महिला र पुरुषबिचको व्यवहारले तय गरिरहेको पाइन्छ । लैङ्गिक विभेद महिला र

पुरुषबिच सिकाइने  व्यवहार हो, जसमा उनीहरूसँग जोडिएका पृथक-पृथक भूमिकाको अपेक्षा समाजले गरेको हुन्छ (विश्व वैक, २०००) ।

व्यक्ति जन्मिदा आफ्नो समान अधिकार र दायित्व लिएर जन्मिएको हुन्छ । तर पछि सामाजिक कार्य प्रक्रियाको विधिले उनीहरूको सम्बन्धको असमान वितरणले गर्दा महिला र पुरुषको  भूमिकाहरू अलग अलग  बन्न पुग्छन् । समाजमा रही आएका लैङ्गिक विभेदको महसुश हरेक जो कोहीले गरिरहेका हुन्छन् । लैङ्गिक विभेदको अध्ययनले समाजमा रहेका सामाजिक सम्बन्धको व्याख्या र विश्लेषण गरिन्छ । यो लैङ्गिक विभेद विश्व समुदायकै सामाजिक रोग हो । जसलाई बहुरूपी प्रकृतिको एक सामाजिक संरचनाका रूपमा लिइन्छ, जसले हजारौ महिलाहरूको जीवन विनाश गरिरहेको छ, जसले कयौंलाई जीवनदेखि टाढा पऱ्याएको छ भने कयौंको जिन्दगीलाई कष्टकर बनाएको छ (अधिकारी, २००७) ।

लैङ्गिक विभेद बहुरूपी प्रकृतिको सामाजिक रोग हो । जहाँ महिला महिला भएको र पुरुष पुरुष  भएकै कारण विभिन्न ठाउँमा विभिन्न प्रकृतिको शक्ति वितरण भएको हुन्छ । लैङ्गिक विभेदकै कारण शिक्षा, स्वास्थ्य र विकासका हरेक क्षेत्रमा स्रोत र साधनको प्रयोगमा पनि असमान सम्बन्ध रहिआएको छ । स्रोत र साधनको असमान स्वामित्वले लैङ्गिक विभेदलाई टेवा दिइरहेको छ । सामाजिक सम्बन्धको विकास असमान प्रकृतिको हुँदा  लैङ्गिक अध्ययनको क्षेत्र विश्वस्तरमा नै फराकिलो गतिले बढिरहेको पाइन्छ ।

आधुनिकिकरणले लैङ्गिक सम्बन्धमा केही सुधार आएपनि विभेदको स्वरूपमा केही परिमार्जन भएर आएको पाइन्छ । विश्वव्यापीकरणको प्रभावले लैङ्गिक विभेदका मुद्दाहरू विश्वभरी नै एकरूपमा उठिरहेको पनि देखिन्छ । सामाजिक विकाससँगै महिला पुरुष बिचका सामाजिक सम्बन्धहरूमा पनि परिवर्तन भइरहेको पाइन्छ । लैङ्गिक विभेद विश्व स्तरिय सामाजिक समस्या बनेका छ र यसको अध्ययनलाई विश्वका बहुसख्यक मुलुकले अङ्गीकार गरि रहेका छन् । कतिपय देशमा धार्मिक तथा राजनीतिक कारणले यी विषय उठान हुन सकेका छैनन् । परिवार वा शैक्षिक संस्थामा पनि यस्ता खालका विभेदहरू रहेका हुन सक्छन् । यस्ता विभेदहरु समाजको सामाजिक विकासका लागि नकरात्मक  असर हुन । समाज विकासको प्रक्रियालाई अगाडि बढाउन लैङ्गिक विभेदको अध्ययन हुनु सकरात्मक हो । लैङ्गिक विभेद हरेक सामाजिक विषयसँग जाडिरहेको हुन्छ ।

## १.२ समस्याको कथन

नेपालमा धार्मिक, साँस्कृतिक र परम्परागत मान्यतालाई आधार मानेर लैङ्गिक विभेद रहँदै आएको देश हो । यहाँ युगौदेखि लिङ्गका आधारमा महिला र पुरुषबिच धार्मिक, साँस्कृतिक र सामाजिक रूपमा लैङ्गिक विभेद रहिआएको छ । जसले गर्दा सामाजिक, आर्थिक र राजनीतिक समस्याहरू बढिरहेका छन् । लैङ्गिक विभेदहरू विभेद भन्दा फरक किसिमको असमान व्यवहार हो । सामान्यतया लैङ्गिक विभेद औपचारिक व्यवहार जस्तो देखिए पनि यसले परम्परागत मुल्य र मान्यताको अनुशरण गरिरहेको हुन्छ । यसले गर्दा विद्यार्थीहरू बिच रहेको लैङ्गिक विभेदको सम्बन्धले कसरी दैनिक जीवनमा प्रभाव पारेको हुन्छ । विद्यार्थीले आफ्नो परिवारमा, समाजमा र शैक्षिक सस्थाहरूमा फरक ढगंका लैङ्गिक विभेद अनुभुति गरेका हुन्छन् । त्यसबिचको अन्तरसम्बन्धलाई बुझ्न पनि यो अध्ययनले सहयोग पुऱ्याएको छ ।

यस प्रस्तावित अनुसन्धानमा निम्न अनुसारका अनुसन्धानात्मक विषय प्रस्तुत गरिएका छन् । परिवारभित्र विद्यार्थीहरूले घर बाहिर जाँदा परिवारको पूर्व अनुमती लिनु पर्दा वीचको लैङ्गिक विभेदको अनुभव गरेका छन् ? समाजले विद्यार्थीहरुको शैक्षिक योग्यता प्रति विभेदको कस्तो अनुभव तथा अनुभूती गरेका छन् ? शैक्षिक संस्थामा विषय छनोट कस्को सहयोगमा गरेका छन् ? निर्णय प्रक्रियामा सहभागीता कस्तो रहेको छ ? जस्ता विषयलाई यस अध्ययनमा समेटिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

- परिवारको पारिवारिक निर्णय प्रक्रियामा विद्यार्थीहरुले अनुभव गरेको लैङ्गिक सम्बन्धको अध्ययन गरिएको छ ।
- घर बाहिर जादाँ परिवारको पूर्व अनुमती लिदाँ महिला तथा पूरूष विद्यार्थी वीचको लैङ्गिक सम्बन्धको तुलना गर्ने ।
- विद्यार्थीले अध्ययन गर्ने विषयको छनोट र शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोणवीच लैङ्गिक विभेदको अनुभवको विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनले लेखनाथ नगरपालिकामा रहेका विद्यार्थीहरूले अनुभव गरेका लैङ्गिक विभेदलाई पहिचान गराउन सहयोग पुर्‍याएको छ । यस अध्ययनबाट स्नातकोत्तर तहको सोधपत्रको शैक्षिक उद्देश्यलाई पुरा गरिएको छ । लैङ्गिक विभेदपुर्ण सम्बन्धले विद्यार्थीले विभिन्न समाजका आधारभुत सघं संस्था बीच रहेको अनुभवलाई यस अध्ययनमा समावेश गरिएको छ । यस्ता विभेदित सम्बन्धलाई सम्बन उनीहरूको कसरी महशुस गरेका छन् र फरक परिवेशको विभेदको प्रकृति कस्तो शैलीको हुन्छ भन्ने विषयलाई पनि यसले उजागर गरेको छ । यस अध्ययनमा परिवारभित्र महिलाको निर्णय क्षमता कस्तो रहेको छ, समाजमा महिला र पुरुषको उपस्थिति र शैक्षिक संस्थाभित्र महिला पुरुषको उपश्थिति कस्तो रुपमा रहेको छ जस्ता विषयले यस अध्ययनमा महत्व राखेको छ । लेखनाथ नगरपालिका भित्र रहेका विभिन्न कलेजहरुका विद्यार्थीहरुको मात्र यसमा सहभागिता रहको  हुनाले यस अध्ययनले लेखनाथ नगरपालिका बाहेका अन्य कुनै ठाँउको बारेमा जानकारी गराउदैन ।

## १.५ अध्ययनको सीमा

अहिलेका विकसित समाजमा महिला र पुरुषलाई लिङ्गका आधारमा गरिंदै आएको लैङ्गिक विभेदले युवा विद्यार्थीहरू माझ कस्तो प्रभाव पारेको छ र उनीहरुको अनुभव के छ । सोही विषय अन्तर्गत यो अध्ययन केन्द्रित रहेको छ । यहाँ लेखनाथ नगरपालिकामा रहेका विद्यार्थीहरूलाई  केन्द्रित गरेर मात्र अध्ययन गरिएको छ । जसमा अध्ययनका सीमाहरू निम्न रहेका छन् ।

लेखनाथ नगरपालिकामा रहेका  विभिन्न स्कुल तथा कलेजमा अध्ययन गर्ने विद्यार्थीहरूको बारेमा मात्र अध्ययन गरिएको छ ।

यस अध्ययनमा विद्यार्थीहरुले परिवार, समाज र शैक्षिक संस्थाभित्र गरेका लैङ्गिक विभेद प्रतिको अनुभव तथा अनुभुतीलाई मात्र केन्द्रित गरिएको छ ।

समाज, परिवार र शैक्षिक सस्थामा हुने गरेका विभिन्न प्रकृतिका विभेदहरू  विद्यार्थीको आखाँबाट मात्र हेरेर पूर्ण हुन सक्दैन ।

## १.६ अध्ययनको सङ्गठन

यस अध्ययनमा पहिलो अध्यायमा परिचयलाई राखिएको छ । जसमा पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनका सीमाहरुलाई समावेश गरिएको छ । अध्ययनको दोस्रो अध्यायमा साहित्य समीक्षालाई राखिएको छ । जहाँ साहित्यिक पूनरावलोकन अन्तर्गत सामाजिक लिङ्ग को परिचय, प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गको वीचको भिन्नता र लैङ्गिक विभेदलाई समावेश गरिएको छ । पूर्व अध्ययनको समीक्षालाई त्यसपछि राखिएको छ । त्यसपछि क्रमश विकासमा महिला, महिला र विकास, सामाजिक लिङ्ग र विकास, सामाजिक लिङ्ग र विकासका महत्वपूर्ण पक्षहरु, लैङ्गिक समानताका लागी विश्व सम्मेलनहरु र नेपालको कानुनी व्यबश्थमा भएका लैङ्गिक विषयलाई र अध्ययनगत अवधारणलाई यस अध्यायमा समावेश गरिएको छ । अध्ययनको तेस्रो अध्यायमा अनुसन्धान पद्धतिलाई समावेश गरिएको छ । जसअन्तर्गत अध्ययनको क्षेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्क प्रकृति र स्रोत, समग्र नमुना छनोट विधि, अवलोकन, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण रहेका छन् । अध्ययनको चौंथो अध्यायमा अनुसन्धानबाट लिइएका तथ्याङ्कहरूको जनसाङ्खिकिय विवरण, अध्ययनको पाँचौ अध्यायमा उद्देश्य अनुसारका विवरणहरुलाई व्याख्या एवं विश्लेशष गरिएको छ र अध्ययनको छैटौं अध्यायमा साराशं र निश्कर्षलाई राखिएको छ ।

# अध्याय दुई
# साहित्यिक पुनरावलोकन

## २.१ अवधाराणात्मक समीक्षा

लैङ्गिक विभेद सदियौं देखि महिला र पुरूषलाई लिङ्गका आधारमा गरिएको अपमानपूर्ण व्यवहार हो । यस्तो प्रकृतिको लिङ्गीय आधारमा गरिएको विभेदले कति  महिलाहरूले अपमानित तरीकाले जीवनयापन गरी रहनु परेको छ । यस्ता विभेदलाई सहजीकरण गर्न समाजले महत्वपूर्ण भूमिका खेली रहेको हुन्छ । यिनै विभेदीत अवश्थालाई कम गर्न तथा विकासको समान हैसियतको निर्माण गर्न विश्व समुदायले लैङ्गिक विभेदको अध्ययन गर्न सुरू गरेको पाइन्छ । लैङ्गिक विभेदको अध्ययनले महिला पुरूषवीचको सामाजिक भूमिकार सम्वन्धको ब्याख्यालाई जोड दीएको पाइन्छ । लैङिगक सम्बन्धका विभिन्न पक्षलाई केलाउन लैङिगक अध्ययनलाई विश्व समुदायले अंगीकार गरिरहेका छन् । लैङिगक अध्ययनको सुरूवात सन १९७० दशकतिर भएको पाइन्छ । सामाजिक लिङ्ग र विकासको अवधारणलाई अनुशरण गर्नु पर्ने विश्व समुदायको आवाज प्रति नेपालले पनि सहमती गरी सकेको छ । यस अवधारणाले महीला र पुरूषको समान सहभागीताले नै विभेदपूर्ण व्यवहार हटाउन सहयोग पुग्ने बताँउछ । यसले समतामा आधारीत विकास आयोजनाको मात्र कार्य गर्नु पर्ने बताउछ । जसले गर्दा लिङ्गका आधारमा गरीने विभेद कम हुने यस अवधारणाको जोड रहेको छ ।

### २.१.१ नेपालको कानुनी व्यवस्था

नेपालको अन्तरिम संविधान २०६३ भाग ३ तेह्को समानताको हक (२) मा सामान्य कानुनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन् । यसै संविधानको भाग ३ मौलिक हकको महिलाको हक २०. को १. मा महिला भएकै कारण कुनै पनि किसिमको भेदभाव गरिने छैन् । सोहि २०. को २. मा प्रत्येक महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन् सम्वन्धि हक हुनेछ । सोहिकै तिन नम्वर वुदामा कुनै पनि महिला विरुद्ध

शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन । र पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ । नेपालको अन्तरिम संविधान २०६३ अघि नेपाली समाजमा सम्पत्ति माथी महिलाहरुको वास्तविक हक थिएन् । सम्पत्ति लिनको लागी छोरीको उमेर पैंतिस पुगेको र अविवाहित भएको हुनुपर्थ्यो । हुनत नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्येक प्रकारका असमान व्यवहारको अन्त्यलाई जोड दिई समान कानुनी उपचारको व्यबश्थालाई जोड दिएको थियो तर पनि त्यसमा विभेद नै थियो । यस्ता विभेदहरु कानुनी आधारमा अन्त गर्नको लागी विभिन्न देशहरुले आरक्षणको प्रयोग गरेका छन् । हाल विश्वका लगभग सत्तरी देशमा महिला लगायत पिछडिएका वर्गलाई राज्य संरचनामा समावेशी गर्ने राजनीतिमा आरक्षण गरिएको छ ( घिमिरे, २०६६ ) ।

नेपालको संविधान २०७२ ले कानुनी रुपमा महिलाको हकको सुरक्षा गरेको छ । नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तब्यमा महिला हक र अधिकारका लागी निम्न अनुसारको ब्यबश्था गरिएको छ ।

- समानताको हक (४) मा समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन् ।
- समानताको हक (५) मा पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।
- महिलाको हक (१) मा प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वशिंय हुनेछ ।
- महिलाको हक (२) मा प्रत्येक महिलार्लाा सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धि हक हुनेछ ।
- महिलाको हक (३) मा महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन् । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई क्षतिपूर्ति पाउने हक हुनेछ ।
- महिलाको हक (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

- महिलाको हक (५) मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- महिलाको हक (६) मा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुनेछ ।

## २.२ सैद्धान्तिक समीक्षा

### २.२.१ सामाजिक लिङ्ग

सामाजिक लिङ्ग तथा जेण्डर नितान्त सामाजिक र सांस्कृतिक व्यबश्थाबाट निर्धारण भएको हुन्छ । सामाजिक र सांस्कृतिक पक्षले महिला र पुरूषलाई दिएको भिन्न बुझाई तथा भुमिकाहरुलाई नै सामाजिक लिङ्ग भनिन्छ । समाजले व्यक्तिलाई महिला र पुरूष भएको आधार बनाएर विभिन्न भुमिकाहरुको निर्धारण गरिदिएको हुन्छ । जहाँ कहि अधिकार दिएको हुन्छ, अधिकार बन्चित गरेको पनि हुन्छ । यस्ता विभिन्न किसिमका भुमिकाहरु विभिन्न समाजका प्रचलन अनुसार फरक फरक रहेका हुन्छन । सामाजिक तथा सास्कृतिक पक्षले निर्धारण गरेका सामाजिक मुल्य र मान्यता, धर्म र सस्कृती, का आधारमा समाजमा महिला र पुरुषले छुट्टा छुट्टै ढङ्गबाट निर्वाह गर्ने भुमिकालाई सामाजिक लिङग भनिन्छ । सामाजिक लिङ्गभेद प्राकृतिक तवरको नभएर सामाजिक तवरले निमार्ण गरिएको कृत्रिम लिङ्ग हो । तर यस्ता खालका भुमिकाहरुलाइ समाजले केटा र केटी भएर निभाउनु पर्ने सामाजिक दायित्वको रुपमा मलजल गर्दै आइरहेको पाइन्छ । सबै सामाजिक लिङ्गभेद प्रकृतिले बनाएको होइन, प्रकृतिले त केटा र केटी जन्माउँछ, समाजले उनीहरुलाई महिला र पुरुष बनाउछ, यस्तो सामाजिक परिभाषाले गर्दा केटा र केटी वीचको भिन्नता बढ्दै जान्छ, यस्तो लाग्दछ कि मानौ केटा र केटी महिला र पुरुषको संसार वेग्ला वेग्लै छ (भषिन, २०००) । जेण्डर तथा सामाजिक लिङ्गको परिभाषा गर्दा यसलाई महिला पुरुषको लिङ्गका आधारमा कार्यविभाजन गर्नुलाई पनि आधार मानिन्छ । जसले गर्दा प्राकृतिक लिङ्ग र सामाजिक लिङ्ग वीचको भिन्नतालाई साथमा लिने गरेको पाइन्छ ।

### २.२.२ प्राकृतिक लिङ्ग र सामाजिक लिङ्ग वीच भिन्नता

महिला र पुरुष वीचको जैविक अन्तरलाई नै सामाजिक वर्गीकरणको आधार बनाइएको छ । तर कतिपय बहुसङ्ख्यक संस्कृतीमा शारीरिक भिन्नतालाई नै लैङ्गिक अन्तरको आधार बनाएका छन् भने कतिपय संस्कृतीमा लिङ्ग वीचको जैवीक भिन्नतालाई बढि जोड दिन्छन भने कतीले सामान्य रुपमा बुझ्दछन् (सीडिएस, १९९५) । समाजले महिला तथा पूरूषवीचको सम्बन्धलाई सामान्य रूपमा लिएको हुदैन, उनीहरूको कार्यशैलीलाई मापन गर्ने विविध सम्बन्धहरूको निमार्ण गर्न विभिन्न किसिमको संस्कृतीको निमार्ण गरेको हुन्छ । तर ती संस्कृतीहरू सामाजिक चरित्रका रहेका हुन्छन् ।

**तालिका २.१: प्राकृतिक लिङ्ग र सामाजिक लिङ्ग वीच भिन्नता**

| प्राकृतिक लिङ्ग | सामाजिक लिङ्ग |
|---|---|
| प्राकृतिक लिङ्ग प्रकृतिद्धारा निर्धारीत हुन्छ । | सामाजिक लिङ्ग सामाजिकिकरणको प्रक्रियामा निर्धारित हुन्छ । |
| यसलाई परिवर्तन गर्न सकिँदैन । | यो समय, समाज र महिला र पुरुषको भुमिका अनुसार परिवर्तनशिल हुन्छ । |
| सर्वव्यापक हुन्छ । | सर्वब्यापक नभई फरक फरक किसिमको हुन्छ । |
| जन्मसिद्ध हुन्छ । | यो समाजले निर्धारण गरेको भुमिका अनुसार हुन्छ । |
| भाले पोथी लिङ्ग हो । | केटा केटी सालिङग हो । |

*स्रोत : आचार्य बलराम, २००३ ।*

समग्रमा सामाजिक लिङ्गलाई महिला र पुरुष वीचको सम्बन्धलाई सामाजिक सास्कृतिक परिभाषाको रुपमा बुझेको पाइन्छ । जहाँ महिला तथा पुरुषको तह जहिले पनि सामाजिक सास्कृतिक प्रणालिले निर्धारण गर्छ र त्यो समाज पिच्छे फरक फरक हुन्छ (आचार्य, २००३) । सामाजिक लिङ्गभेदलाई समाजले सामाजिक महत्वको रुपमा सामाजिकिकरण गरिरहेको छ । सामाजिकिकरण प्रक्रियाले समाजमा महिला तथा पूरूषलाई विभिन्न किसिमका उपमाहरू दिइएको हुन्छ । यस्तै उपमाहरुलाई समाजले निर्धारण गरेका सामाजिक मुल्य र मान्यताले महिला र पुरुषवीच विभिन्न अलङ्कारहरुले चिनारी गराइदिएको छ । समाजका सामाजिक तथा सांस्कृतिक तत्वहरूले महिलातथा पुरूषहरूलाई निम्नानुसारको उपमा दिइरहेको छ ।

**तालिका २.२: सामाजिक लिङ्गको सामाजिक सांस्कृतिक रुप**

| महिला | पुरुष |
|---|---|
| अरुमा भरपर्ने | स्वतन्त्र |
| कमजोर | निर्णायक |
| घरायसी काम गर्ने | शक्तिवान |
| रुची नदेखाउने | तर्किक |
| शान्ति गराउने | कमाउने |
| विषयगत | बहादुर |
| स्याहारसुसार गर्ने | रिसाउने |
| भलाद्मी | तत्परता |
| उत्तेजक | वस्तुगत |
| सहने | वलियो |
| हसिलो | धैर्यवान |
| मिलनसार | नेतृत्व लिने |
| कोमल | नेता |
| लामो कपाल | कडा |
| गहना लगाउने | छोटो कपाल |
| तथ्यपरक | गहना नलगाउने |
| आड दिने | सुरक्षा प्रदान गर्ने |

*स्रोत: आचार्य बलराम, २००३ ।*

विभिन्न उपमा र अलंकारहरुको प्रयोग गरी महिला र पुरूषलाई समाजले सामाजिक कार्यको विभाजन गरिदिन्छ । जसको आड लिएर सामाजिक गतिविधिहरुलाई समाजले निरन्तरता दिइ रहेको पाइन्छ । महिलाहरु गहना लगाउने, राम्री हुनु पर्ने, पुरूषहरू सुरक्षा प्रदान गर्ने वलियो र धैर्यवान हुनुपर्ने जस्ता विभेदीत संस्कारको विकासलाई हरेक समय समाजले मलजल गरि रहेको हुन्छ । सामाजिक सन्दर्भहरुले महिलालाई कमजोर र पुरूषलाई वलियो वा शुरो भनेर जन्मबाट ब्याख्या गरिदिन्छन त्यही बाट विभेदको मलजल प्रारम्भ गरिन्छ ।

### २.२.३ लैङ्गिक विभेद

लैङ्गिक विभेद बहुरूपी प्रकृतिको सामाजिक रोग हो । जसले सामाजिक रूपमा महिला र पुरुषलाई लिङ्गका आधारमा विभेद गरी कार्य विभाजन गरिरहेको हुन्छ । कुनै पनि सामाजिक समूहको सदस्य भएको खातिर असमान ढङ्गले व्यक्तिको मुल्याङ्कन गरिनुलाई विभेद भनिन्छ । समाजमा समाज विकासको क्रमदेखि महिला र पुरुषबिच विभेद रहँदै आएको छ । तर जव कि व्यक्तिको जन्म स्वतन्त्र अस्तित्व लिएर भएको हुन्छ । सवै मानव प्रजाति स्वतन्त्र र समान  अस्तित्व र अधिकारका साथ जन्मिन्छन् (ओ' बेर्ने, २००५) । ब्यक्ति जन्मे पछि समाजले ब्यक्तिको भुमिका र अस्तित्वको निर्धारण गरिदिन्छ । स्वतन्त्र ब्यक्ति जन्मेपछी समाजका विविध गतिविधिहरुमा संलग्न हुदै जाँदा महिला र पुरुषको रुपमा चिनारी हुन्छ । समाजका आधारभुत सामाजिक संस्थाहरुले महिला र पुरुषलाई लिङ्गको आधारमा विभिन्न कार्यको विभाजन गरिदिन्छ । सामाजिक संरचनाहरुले नै सहज रुपमा सामाजिक सम्वन्धलाई विभेदमुखी गराउन सस्थागत भुमिका निर्माण गरिदिन्छन् । महिलाहरु ब्यक्तिगत तहमा र संस्थागत रुपमा लैङ्गिक विभेदको शिकार भएका हुन्छन् (साफर, २००३) । जो सामाजिक रुपमा अति नै कमजोर छन् त्यस्ता ब्यक्तिहरु अवसरबाट पनि बञ्चित छन् । जसका लागी महिला सम्वन्धि विभिन्न कार्यक्रहरुको निर्धारण र कानुनको निर्माण भए पनि यस्ता गतिविधिहरु कार्यान्वयन पक्ष हुनु नहुनुले महत्व पाएका छैनन् । कानुनको निर्माण हुनुले मात्र समाजले समान रूपमा महिला र पूरूष वीचको सम्बन्धलाई सामाजिक रूपमा स्वीकार नगरेको पाइन्छ । समाजले कानुनलाई स्वीकार गर्न कार्यान्वयन गर्ने पक्ष सकरात्मक भए मात्र सम्भव हुने देखिन्छ ।

सामाजिक प्रकृति र सामाजिक मुल्य मान्यताले व्यक्तिको जीवनमा सदैव असर गरिरहेको हुन्छ । यिनै मुल्य मान्यताका आधारमा महिला र पुरुषबिच  युगौदेखि लैङ्गिक विभेद रहँदै आएको पाइन्छ । लैङ्गिक विभेद हरेक क्षेत्रमा निहित रहेको छ । लैङ्गिक विभेदलाई सामाजिकिकरण प्रक्रियाले औपचारिक स्वरूप दिइ रहेको हुन्छ । जस्तो उदाहरणको रूपमा पुरुषले जीबविज्ञान वा भौतिक विज्ञान र महिलाले गृहविज्ञान पढ्छन । यस्तो शैक्षिक स्तरले लैङ्गिक विभेदको साथमा  शैक्षिक विभेद पनि गरिरहेको छ । जसले गर्दा लैङ्गिक विभेद शैक्षिक संस्थाहरूमा रहेको प्रस्ट सँग थाहा हुन्छ । लैङ्गिक विभेदपूर्ण शिक्षण र शिक्षण सामग्रीका कारण महिला वा केटीहरू विरलै आफ्नो अध्ययनलाई निरन्तरता दिन्छन,

पाठ्यपुस्तकहरू पनि लैङ्गिक तटस्थता प्रति असम्वेदनशील छैनन् । विशिष्ट रूपमा हेर्दा बहुसंख्यक विषयहरू पुरुष वर्चस्व स्थापित गर्ने प्रकृतिका छन् (अधिकारी, २००८) ।

सामाजिक मुल्य र मान्यताहरूले नै महिलालाई पुरुष बराबर शिक्षा लिन उत्प्रेरित गर्दैन । सामाजिक सम्बन्धको सामाजिकिकरण प्रक्रियाले महिलामाथि महिला विरुद्धको शिक्षा पद्धतिलाई अनुशरण गरेको पाइन्छ । छोरीलाई बिहे गरेर दिनुपर्ने मुख्य कारण हो सम्पत्ति र शिक्षामा गरिने लैङिगक विभेद । अभिभावकहरूले छोराको शिक्षालाई ऋण लिने र पछि उनीहरूले नै कमाएर तिर्ने रुचाउँछन (राओ, २००२) । छोरीलाई बिहे गरेर दिनुपर्ने र अर्कै परिवारसँग उस्को सम्बन्ध गाँसिने हुँदा अभिभावकरू छोरीप्रति सम्वेदनशील नभएको देखिन्छ । यही असमान रूपमा वितरण गरिएको शक्ति सम्बन्धको सामाजिकिकरणहरू शैक्षिक विभेदका यस्ता स्वरूपहरू हुन । जसले महिला र पुरुषको समान शिक्षा र अवसरको वकालत गर्न सक्दैन । सधै लैङ्गिक विभेद सहितको शिक्षाको वकालत गर्दछ । लैङ्गिक विभेद शिक्षा लगायत आर्थिक सामाजिक राजनीतिक हरेक क्षेत्रमा रहेको पाइन्छ । त्यसकारण लैङ्गिक विभेदले सबै खालका सामाजिक शक्तिहरूमा महिला र पुरुष व्यवहार निर्धारण गर्ने तर समान भूमिकालाई वेवास्ता गर्ने प्रकृतिको रहेको छ । विभेद कि त जानी जानी कि त नजानिकनै हुन्छ, सचेत वा अचेत ढंगले व्यक्ति समूह तथा संस्थागत रूपले हुने गर्छ (श्रीस, २०१२) । विभेदको प्रकृति जीवनका सबै पाटोलाई छुने शैलीको हुन्छ । परिवारको निर्णायक केन्द्रविन्दुमा जहिले पनि पूरूषको बाहुल्यतालाई स्वीकार गरिन्छ ।

लैङ्गिक विभेदको अध्ययन गर्दा यो पहिचान गरिएको छ कि अधिकांश समाजमा महिला वा पुरुषलाई दिइने अवसरहरू समान छैनन् (स्काउट पक्ष, २००७) । महिला र पुरुषलाई दिइएका सामाजिक मुल्य मान्यताका कारण समान अवसरहरू महिलाको पक्षमा रहेका छैनन् । समाजमा महिला विकासको कुरा महिलासँग मात्र सम्बन्धित नभई पुरुषसँग पनि त्यतिकै जोडिएको विषय हो (आचार्य, २०६८) । शिक्षा, स्वास्थ्य, रोजगार तथा राजनीतिमा समान पहुँच वा सहभागिता जस्ता विषय लैङ्गिक विषय सँग ठोकिरहने विषयहरू हुन । सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक हरेक ठाउँमा लैङ्गिक मतभेदहरू रहेका हुन्छन । समाजको सामाजिकिकरण प्रक्रिया पुरुषमैत्री प्रकृतिको रहेका छन् । जसले गर्दा महिला पुरुषबिच रहेको लैङ्गिक विभेदलाई औपचारिक मान्यता दिइ उनीहरूलाई समान हक र अधिकारबाट टाढा राखिएको पाइन्छ, सिमित अधिकारबाट पनि बंचित गरेको हुन्छ ।

लैङ्गिक विभेद बहुरुपी प्रकृतिको सामाजिक रोग हो जसले हजारौं महिलाको जीवनलाई कष्टकर बनाएको छ (कैजर र मोजर, १९९३) ।

लैङ्गिक विभेद विशेष गरी पुरुष र महिलाहरू माथि परम्परागत रूपमा गरिदै आएको असमान शक्ति  सम्बन्धी विभेद हो । जहाँ महिला माथि गरिने विभेद प्रकृति प्रदत नभई सामाजिक रूपमा भएको हुन्छ । लैङ्गिक सम्बन्धको स्वरूपमा राजनीतिक व्यवस्थाको परिर्वतनसँगै केही परिवर्तनहरू आएको पनि छ । तर सामाजिक सम्बन्धमा आएका थोरै परिवर्तनले युगौदेखि रहेको लैङ्गिक विभेदमा परिवर्तन आउन थोरै सहयोग गरेको पनि छ । किनभने लैङ्गिक विभेद प्राकृतिक रूपमा निर्माण नभई सामाजिक रूपमा निर्माण भएको हुन्छ । महिला तथा पुरुषलाई फरक फरक भूमिका दिने सामाजिक, साँस्कृतिक पद्धति लैङ्गिक विभेद हो । लैङ्गिक विभेदको अध्ययनलाई विभिन्न विद्धानहरूले विकासका कार्यसँग जोडेर हेर्ने गरेको पनि पाइन्छ । त्यसकारण महिला तथा पुरुषको सामाजिक यथार्थ अध्ययन गर्ने विश्लेषणात्मक औजारको रूपमा लैङ्गिक विभेदको अध्ययन गरिन्छ (भषिन, १९९४) । विभेदका हरेक सन्दर्भहरु समाजका विभिन्न सामाजिक संरचनाहरूसगँ जोडी रहेका हुन्छन् । यस्ता विषय तथा सन्दर्भहरुले विभेदपूर्ण रूपमा महिलाको शिक्षा, रोजगार, सामाजिक स्थायित्व सबैलाई असर गरिरहेको छ । लैङ्गिक संरचनाहरु हरेक सन्दर्भमा सामाजिक संरचनाहरु सँग जोडिएर बनिरहेका हुन्छन् । जहाँ पितृसत्तात्मक आधारका कानुनी तथा सामाजिक संरचनाहरुले आधार तयार गरी मलजल गरीरहेका छन् । कानुनी संरचनाको बलियो प्रयोग ब्यबहारीक रूपमा प्रयोगमा नआउनुले नै लैङ्गिक विभेदलाई यथास्थानमा रहन सहयोग पुर्‍याएको छ । लैङ्गिक प्रसङ्गहरु संरचनागत रुपमा नै सामाजिक संरचनासगँ जेलिएका हुन्छन्, परम्परागत सांस्कृतिक मुल्य मान्यताले त्यसमा बढि भुमिका खेलेको हुन्छ, त्यसैले गरिब तथा अवसर नपाएका त्यस्ता वर्गको सशक्तिकरणमा वाधा अवरोध सृजना भइरहेका हुन्छन् (युएनडिपी, १९९८) ।

सामाजिक सम्बन्धको विशेष प्रकृतिको विभेदले हरेक व्यक्तिको सामाजिक जीवनको पाटोलाई असर गरेको हुन्छ । लैङ्गिक विभेद लिङ्गिय आधारमा गरिने महिला र पुरूष वीचको विभेद हो । जहाँ व्यक्ति महिला वा पुरुष भएर जन्मेको आधारमा विभेदको सुरुवात गरिन्छ । जन्मदेखि नै महिला माथि भएको विभेदले लैङ्गिक विभेदको प्रमाण दिन्छ (सेन, २००१) । लैङ्गिक विभेदको सुरुवात व्यक्तिको जन्मले नै निर्धारण गर्ने हुँदा, हरेक

क्षेत्रमा यसको प्रभाव रहन्छ । जसले गर्दा आधारभूत भन्दा आधारभूत विषयहरूमा लैङ्गिक विभेदले असर गरिरहेको हुन्छ । व्यक्ति, समाज, सँस्कृती र परम्परा लैङ्गिक विभेदलाई सहयोग पुर्‍याउने तत्वहरू हुन । यिनीहरूको सहयोगले नै लैङ्गिक विभेदलाई उत्प्रेरणा दिइरहेको हुन्छ । सामाजिक सम्बन्धको विकास पनि यिनै तत्वहरूमा निर्भर रहेको हुन्छ । जसले गर्दा सामाजिक, राजनीतिक, आर्थिक र साँस्कृतिक रूपमा लैङ्गिक विभेदहरू निहित रहेका हुन्छन् । सबै मानव समाजले लिङ्गमा आधारित विभेद गरेको हुन्छ, हामी यो भन्न सक्छौं कि महिला र पुरुषबिचको सम्बन्ध सामाजिक वर्गीकरणको प्रणाली र विधि वा शक्ति र स्रोत साधन प्रतिको पहुँचलाई प्रभावित पार्छ (बेलबासे र प्याकुरेल, २०००) । लैङ्गिक विभेद महिला र पुरुषसबिचको शक्ति सघर्षको अभ्यास हो । जहाँ महिला र पुरुषबिच रहेका शक्ति सम्बन्धको व्याख्या र विश्लेषण हुन्छ । समान रूपमा जन्म भइसकेपछि लिङ्गय आधारमा गरिने विभेदले समाज विकासका विभिन्न किसिमको नकरात्मक प्रभाव पारिरहेको हुन्छ ।

लैङ्गिक विभेदले महिला र पुरुषबिवच लिङ्गिय आधारमा गरिएका विभेदहरूलाई प्रस्टताको साथ देखाउँछ । समाजका विविध सामाजिक संघ सस्थाहरुवीच रहेको महिला तथा पुरूषको उपस्थिति भित्र नै लैङ्गिक विभेदलाई मान्यता दिदै उपस्थितिको बाटो निर्धारण गरिरहेको हुन्छ । यस्ता सामाजिक जीवनको हरेका पाटोमा लैङ्गिक विभेदका आधारहरूलाई सहयोग गर्न विभिन्न किसिमका उपमाहरूलाई बुनिरहेका हुन्छन् । यिनै उपमा भित्र रहेर समाजका अधारभुत संस्थाहरुले महिला र पुरुषलाई उनीहरूको कार्यविभाजन लिङ्गिय आधारलाई आधार मानेर गरि दिएको हुन्छ । जसका कारण लैङ्गिक विभेदसहितको सामाजिक पहिचानको निर्माण हुन्छ । सोही सामाजिक पहिचानले महिला माथि पुरुषको नियन्त्रण सधै रहनु पर्छ भनी दिशानिर्देश गर्दछ । जहाँ पितृसत्तात्मक सोचको आधारमा सामाजिक तथा साँस्कृतिक मुल्य मान्यताहरुको निर्माण गरिएको छ । धार्मिक पुरातनवादी सोचले विभेद पहिल्यै घरबाट सुरुवात गरेको हुन्छ, शिक्षाको लागि महिलालाई कहीँ कतै खासै उत्प्रेरित गरेको पाइदैन । महिलाहरूलाई राजनीतिक, सामाजिक, समाबेशीकरण, शिक्षा, रोजगारी, स्वास्थ्य, कानुन विवाह साथै पारिवारिक स्थितिमा समेत विभेद हुने गर्दछ । (पोखरेल, २००५) ।

सामाजिक संरचनाले जहिले पनि हरेक स्थानमा पुरुषको बर्चस्वलाई स्वीकार गर्दछ । महिलाको कुनै पनि योग्यताको कदर गरेको हुँदैन । महिलाको शैक्षिक योग्यतालाई समाजले सम्मानजनक रूपमा स्वीकार गर्न सक्दैन र महिलालाई घरेलु कामदारको रूपमा रहन उत्प्रेरित गर्दछ । परिवार भन्दा बाहिर काम गर्ने श्रमिक महिलाले घरेलु कामको चर्को जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । उसले पारिवारिक जिम्मेवारीको साथमा संस्थागत जिम्मेवारी त्यती नै वहन गर्नुपर्ने हुन्छ । त्यसकारणले गर्दा लैङ्गिक विभेद महिला पुरुषबिचको शक्ति सघर्ष हो । महिलालाई बढी भन्दा बढी पारिवारिक जिम्मेवारी दिई घरायसी कार्यमामात्र संलग्न गराइने हुनाले लैङ्गिक विभेदको महत्वपुर्ण भूभिकालाई त्यहि बाट पूर्णता दिएको पाइन्छ । जस्ले गर्दा महिलाहरू घरभित्रका कार्यमा बढी संलग्न भएको, निर्णय प्रक्रियामा उनीहरूको कम पहुँच भएको, बढी समय घरायसी (१/१ घण्टा प्रतिदिन) कार्यमा महिलाको संलग्नता भएको, शिक्षामा महिलाको पहुँच कम भएको जस्ता अनेकौ अवस्थालाई हामीले देखिएको पाउछौ (आचार्य एम, एल विनेट, १९८२) ।

परिवारको मुल तहबाट नै महिलाहरु सामाजिक तहमा विभेदित रहँदै आएका छन् । कामको वर्गीकरणदेखी समाजको हरेक क्षेत्रमा महिलालाई महिला हुनुको अनुभुती गराउँदै महिलालाई जिम्मेवारी वहन गराइन्छ र त्यहिबाट विभेदलाई संस्थागत गराइन्छ । महिलालाई कुनै कामको जिम्मेवारी दिनु पुर्व परिवार वा समाजले पहिले महिला हुनुको अनुभूती गराउदै कामको वर्गीकरण गरिन्छ । कामको वर्गीकरण गर्दा समेत बढि नर्सहरु महिला र पुरुषहरु अभियन्ता हुनुले पनि लैङ्गिक विभेदको मानसिक चित्र प्रस्तुत गर्दछ (लिप्स, २००३) । महिलाप्रतिको भेदभावसहितको मानसिक सोचले नै समाज, राष्ट्र र विश्व समुदाय नै विकासका कार्यमा प्रभावित भइरहेको छ । विकासका कार्यले पुर्णता पाउन महिला र पुरुषको समान सहभागीता हुनुले सार्थकता पाउने कुरामा विश्व समुदायको एक्यबद्ता रहेको छ । पुरातनबादी मान्यताहरुले समाज विकास हुन नसकेको र महिलाहरु पछाडी परेको विषयहरुलाई विश्व समाजले स्वीकार गरिरहेको छ । तर पनि पितृसत्तात्मक सोच रहेको सामाजिक संरचनाहरुले गर्दा समाजमा सहज रुपमा विभेद अन्त्य हुन सकेको छैन । यदाकदा घुमाउरो पाराले विभेदको सिकार महिलाहरु बनिरहनु परेको छ । पुरुष प्रधान विचार सामाजिक जीवनको धेरै सन्दर्भहरुमा गडेर रहेका छन् , आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक, राजनितिक, बैचारीक सबै तहमा महिलालाई दोस्रो दर्जाको ब्यबहार गरिन्छ (आचार्य, २००३) । समाज विकासको क्रममा महिलाको विकास नभएको हुनाले यस्ता

सामाजिक आर्थिक राजनितिक सास्कृतिक मुद्दाहरुमा महिलाको सहभागितालाई बढाइ साधन स्रोतमा हक बढेमा महिलाको स्तर उन्नती बढ्दै जाने देखिन्छ । महिला सशक्तिकरणको सन्दर्भमा शक्तिकै चर्चा गर्दै साधन स्रोतको बाडँफाडँ र सोचमा परिर्वतन ल्याउनु पक्षलाई बताउँछन् (बाटिवाला, १९९४) । साधन र स्रोतको समान बाँडफाँड हुन नसक्नु नै लैङ्गिक विभेदको प्रमुख कारण हो ।

लिङ्गिय विभेदका कारण समान कामको समान ज्याला दिने सन्दर्भमा पनि दुवै वीच भेदभाव गरिन्छ । महिलाले गरेका घरायसी कामको कुनै आर्थिक मापन नहुनु र परिवारको जिम्मेवारी पनि कम नहुनुले महिलाको जिम्मेवारी पनि नघट्ने, आयस्रोत पनि नआउने काममा ब्यस्त रहनु पर्छ । त्यसकारण जबसम्म महिलाले गर्ने कार्यलाई आर्थिक कार्यको रुपमा मापन गरिदैन । तबसम्म घरायसी कार्यमा ब्यस्तता बढ्दा आर्थिक आय वृद्धि हुन पनि सक्दैन । जसले गर्दा महिलाले गर्ने कार्यलाई स्वयंसेवी कार्यको रुपमा बुझ्दै, कतिपय महिलालाई अवसरबाट बचिंत गरिन्छ । समाज र सामाजिक संरचनाहरु पुरुषप्रधान रहेका कारण महिलाहरु बच्चा जन्माउने, उनीहरुको लालनपालनमा नै केन्द्रित स्वयंसेवी कार्यभन्दा बाहेक अरु कार्यमा संलग्न हुन सक्दैनन् । यदि अवसर पाएमा महिलाले पनि स्वतन्त्र रुपमा बालबच्चा हुर्काउने काम बाहेक सामाजिक गनिविधिहरुमा संलग्न हुने अवसर पाएमा परिवारको स्तर उकास्न, सम्मानित जिवन बाच्न र बालबच्चालाई राम्रो शिक्षा दिक्षा दिने जस्ता सवै कार्य गर्न सक्षम हुन्छन् (हसंराज, २००३) ।

## २.२.४ **विकासमा महिला**

यस अवधारणको सुरुवात अमेरिकी उदारवादी महिलाहरूले सन् १९७० मा गरेका थिए । जसमा महिलाहरूका समस्याहरूलाई एकाङ्की रूपमा बढि जोड दिदै समस्त विकास कार्यमा महिलाको संलग्नतालाई जोड दिइयो । महिलाहरु घर बाहिरका काममा सहभागी हुन नसकेको, महिलाले गर्दै आएका परम्परागत काममा समाजले हैसियत र मान्यता दिन नसकेको यस अवधारणको मान्यता रहेको छ । संसारका सम्पुर्ण महिलाहरु विकासको मुल प्रवाहमा आउन नसकेका कारणहरु खोजी नगरी महिला विकाशको प्रक्रिया अघि बढ्न नसक्ने धारणा यसमा रहेको पाइन्छ । यस अवधारणले महिला विकाशको लागी कानुनी समानता पहिलो संस्थागत आधार हुने बताउँछ । शिक्षामा हुने समान पहुँचले पनि

महिलाहरु घर बाहिरका कार्य गर्न सामर्थ्य हुन्छन । समान शिक्षाको अवसरले महिलाहरुको सामाजिक अवश्थामा परिवर्तन आउने यस अवधारणाको मान्यता रहेको छ । यो अवधारणाले महिलाको आर्थिक विकास हुनुले मात्र विकास कार्यहरु सफल हुने बताउँदछ । त्यसकारण आर्थिक रुपमा महिलाको सवलताले मात्र अन्य सस्याहरुको हल हुनसक्ने धारणालाई अगाडी सारेको छ । महिलाको आयमा वृद्धि साथै आधारभूत आवश्यकता परिपुर्तिमा बढि जोड दिन्छ । यस अवधारणाले महिलालाइ बढि जोड दिएको छ । महिलाहरुको उत्पादन कार्यमा महत्वपुर्ण भुमिका रहेको हुन्छ भन्ने विषयलाइ बढि जोड दिएको छ । परम्परागत कार्यहरुबाट महिलाहरु बढि निर्देशित भएको र त्यसबाट बाहिर आउन उत्पादन प्रक्रियामा महिला सहभागिताको आवश्यकतालाई जोड दिन यस मान्यतालाई अघि सारिएको पाइन्छ । यसैलाई आधार बनाई सन १९७५ मा भएको पहिलो महिला सम्मेलनले सन १९७५–१९८५ सम्मको समयलाई सयुंक्त राष्ट्र सघंले महिला दशक घोषणा गर्‍यो । जसले गर्दा नीति निमार्ण तहमा महिला सहभागिता तथा महिला केन्द्रित कार्यक्रमको उठान हुने अवश्था सृजना हुन सक्यो । यसैको आडमा विकासको योजनामा महिलाको सहभागिता रहेमा साधन स्रोत माथी महिलाको पँहुच बढ्ने र महिला पुरुष वीच रहेको असमानता हट्ने र समतामा आधारीत समाजको निर्माण गर्न सकिने तथ्य यस अवधारणाले अगाडी सारेको छ । तर यस अवधारणाले समाजमा महिलाको लिङ्गिगय भूमिकाको आधारलाई जोड दिन सकेको छैन ।

### २.२.५ महिला र विकास

महिला र विकास विकासमा महिला अवधारणा भन्दा बढि परिष्कृत धारणा हो । यो अवधारणाको सुरुवात सन् १९७० को अन्त्यतिरबाट भएको हो । यसले विकासका प्रत्येक तह र प्रक्रियामा पुरुष सरह महिलाको समान सहभागिताका वृद्धि भए लैङ्गिक विभेद हट्ने तथ्य माथि जोड दिएको छ ।महिला दशकको घोषण सगैं यस अवधारणाले महिला केन्द्रित विकास भन्दा विकासमा पुरुष सरह महिलाको सहभागिता हुनुपर्ने तथ्यमा जोड दिएको छ । जस्ले गर्दा विभिन्न नीति तथा कार्यक्रमहरुको विकास भए । सामाजिक प्रचलन र मान्यताले व्यक्तिको प्रगति पहिचान र स्वतन्त्रताको लागि बाधक बनेको र यस्ता विभेदपूर्ण मान्यताको अन्त्य हुनुपर्ने विषयमा यस अवधारणाको जोड रहेको छ । यस अवधारणाले विकासमा महिला भन्ने अवधारणालाई सुधार गरी महिला र विकास अवधारणालाई अगाडि सारेको

हो । यसले महिला केन्द्रित विकास भन्दा विकासमा महिलाको पुरुष सरहको समान सहभागिता माथी बढि जोड दिन्छ । यस धारणाले महिला पछाडी पर्नुमा विश्वब्यापी आर्थिक संरचना बढि जिम्मेवार रहेको बताउँछ । समग्र विकासको प्रक्रियामा महिलाको सवाल महत्वपुर्ण पक्ष हो । जहाँबाट महिला विकासको प्रक्रिया सुरु हुन्छ, त्यहिबाट समग्र विकासको लक्ष्य हासिल गर्न सकिन्छ । सामाजिक प्रचलन मान्यता तथा पितृप्रधान दृष्टिकोण र राज्यको संरचना महिला विकासको प्रगती पहिचान र स्वतन्त्रताको लागी बाधक बनेको छ भन्ने मान्यतालाई यसले बढि नै जोढ दिएको छ । समग्रमा यस अवधारणाले महिलाका हरेक सवाललाई बुझ्ने र समाधान गर्ने तरिका निर्देशनात्मक वा केन्द्रमुखी नभई प्रभावित समुदाय, वर्ग वा पक्षलाई अघि सारेको छ । यसले विकासका हरेका क्षेत्रमा महिलाको प्रत्यक्ष सहभागीता रहनु पर्ने विषयलाई जोड दिन्छ । यस अवधारणाले विकासका हरेक क्रियाकलापमा महिला पुरुषको समान सहभागिताको विषयलाई जोड दिए पनि उनीहरूबिचको लैङ्गिक भूमिका र सम्बन्धलाई जोड दिन सकेको छैन् ।

## २.२.६ सामाजिक लिङ्ग र विकास

यस अवधारणाको विकास लैगिंक विभेद र विभेदले समाजमा पारेको प्रभावको बारेमा गहिरो वहस र विश्लेषण गर्दै सन् १९८० को दशकमा भएको हो । यस अवधारणाले परम्परादेखि समाजमा महिला पुरुषबिच रहेको लैङ्गिक सम्बन्ध र भूमिकालाई बदल्नु पर्ने कुरामा जोड दिएको छ । यसले लैङ्गिक विकासको अवधारणा पुरुष विरोधी नभई समतामा आधारित विकासको अवधारणा हुनुपर्ने तथ्यमा जोड दिएको छ । समाजमा रहेका हरेक लैङ्गिक विभेदको अन्त्य गर्न महिला र पुरुष केन्द्रित कार्यक्रमबाट गर्न सकिने विषयमा यस अवधारणाले जोड दिन्छ । यसले महिला र पुरुषबिच के कस्ता सम्बन्धहरूको विकास भएको छ र त्यस्ता सम्बन्धहरू के कस्ता समतामा आधारित छन्, त्यसलाई हेर्दछ । वर्तमान समयमा यस सामाजिक लिङ्ग र विकास अवधारणाले निकै महत्व पाएको छ । लैगिंक विकासको अवधारणा विकास हुनाले विकासमा महिलाका विविध कार्यक्रमहरु सहभागितामुलक कृयाकलामका लागी समान सहभागिता र समतामुलक समाज निर्माणको लागी जोड दिएको छ । परम्परादेखी समाजमा कस्ता लैंगिक सम्बन्ध र भुमिका निर्धारण गरिएका छन र तीनलाई सामाजिक सांस्कृतिक पृष्ठभुमीले के कस्तो प्रभाव पारेको छ ।

त्यसबारेको खोजी र विश्लेषणलाई सामाजिक लिङ्ग र विकास अवधारणाले जोड दिएको छ । यो अवधारणाले पुरुष विरोधि अवधारणा नबनि समतामा आधारित विकासको अवधारणा हुनुपर्ने तथ्यमा जोड दियो । समाजका हरेक लैंगिक विभेदको अन्त्य महिला र पुरुष दुवै केन्द्रित कार्यक्रमबाट मात्र गर्न सकिने यसका लागि परम्परागत लैगिंक भुमिकामा पनि परिवर्तन गर्नुपर्ने मान्यतालाई यस अवधारणाले आत्मसाथ गरेको पाइन्छ । समग्रमा विकासमा महिला र महिला र विकास जस्ता अवधारणाले महिलाका सवालमा लैगिंक सम्बन्धका र भुमिकाका पक्षमा खोजीनीति गर्न नसकेकोले त्यहि पृष्ठभुमिमा फराकिलो अवधारणा सहित यस अवधारणाले व्यापकता पाएको देखिन्छ । यस अवधारणाले अघि सारेका प्रस्तावहरुलाई सन् १९८० पछिका अन्तराष्ट्रिय महिला सम्मेलनहरुलेअनुमोदन गरिसकेका छन् । यसले समानता र समता दुवैलाई महत्व दिदैं न्यायिक समताले मात्र लैगिंक विभेदको अन्त्य गर्न सक्छ भन्ने मत राख्दछ । महिला र पुरुष दुवैको मानव विकासलाई वृहत जोड दिन्छ । देशको राष्ट्रिय कानुनमा सुधार भएमा महिलाको वर्तमान अवश्थामा पनि परिवर्तन ल्याउन सकिन्छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय संरचनाहरु समतामुलक हुदै मात्र महिलाको अवश्था सुध्रिन्छ (आचार्य, २००३) ।

### २.२.७ सामाजिक लिङ्ग र विकासका महत्वपुर्ण पक्षहरु

सामाजिक लिङग र विकासले समाजमा महिला र पुरुषवीच रहेको असमान सम्बन्धलाई विकासमा दुवैको समान सहभागिता रहेमा विभेद हट्न सक्ने पक्षलाई महतवपुर्ण मानेको छ ।

यस अवधारणाले पुरुष विरोधी नभएर समतामा आधारित विकासको अवधारणा हुनुपर्ने तथ्यमा जोड दिएको छ ।

सामाजिक लिङ्ग र विकासको अवधारणालाई सन् १९८० पछिका महिला सम्मेलनहरुले अनुमोदन गरिसकेका छन् ।

यसले कुनैपनि लिङ्गलाई किनारामा नपारी अगाडी बढ्ने धारणा अगाडी सारेको छ । यस अवधाारणाले समानता र सामाजिक न्यायको मार्गमा सवैलाइ स्वागत गर्नु नै यसको विशेषता रहेको छ ।

### २.२.८ लैङ्गिक समानताका लागि विश्व सम्मेलनहरु

सन १९७५ मा मेक्सिको शहरमा महिला सम्बन्धि पहिलो महिला सम्मेलन भयो । जसले समानता, विकास र शान्तिको नारा सहित १९७५-१९८५ महिलादशकको रुपमा मनाउने निर्णय गर्यो । महिला दशकको समीक्षा गर्ने हेतुले सन १९८० मा कोपहेगनमा दास्रो महिला सम्मेलन आयोजना गरियो । यस सम्मेलनले महिला उत्थानका लागी विगतमा लिइएका निर्णयहरुलाई नै निरन्तरता दिने  मत जाहेर गर्यो । सन १९८५ मा केन्यामा तेस्रो महिला सम्मेलनको आयोजना गरियो । जसले महिलाहरुलाई रोजगारी, स्वास्थ्य अवश्थामा सुधार, पुरुष सरह शिक्षा र कानुनी भेदिभाव हटाउनु पर्ने जस्ता निर्णयहरु गर्यो । सयुंक्त राष्ट्र सघंका तत्ववधानमा चिनको वेइजिङमा चौंथो महिला सम्मेलन सम्पन्न गरियो । वेइजिङ सम्मेलनले विभिन्न समस्याहरुको पहिचान गरि लैङ्गिक विभेद अन्त्य गर्न महत्वपुर्ण नीतिको निर्माण गर्दै नीतिलाई तत्कालै कार्यान्वयन गर्नुपर्ने तथ्यलाई उजागर गरेको थियो । उक्त सम्मेलनमा १८१ वटा राष्ट्रहरुले  प्रतिनिधित्व जनाएका थिय । जहाँ महिलाका विविध पक्षलाइ समेट्ने गरि वेइजिङ घोषणापत्रको जारी गरिएको थियो ।

## २.३ पूर्व अध्ययनको समिक्षा

लैङ्गिक विभेदले सम्पूर्ण सामाजिक विषयलाई छोएको हुन्छ । सामाजिक लिङ्ग जैविक नभई समाजले निमार्ण गरेको विषय हो ( रिट्जर, १९९६) । लैङ्गिक विभेद समाजले महिला र पुरुषलाई लिङ्गका आधारमा गरेको सामाजिक विभेद हो । तर वर्तमान समयमा आइपुग्दा पनि महिलाका सवालहरूसँग सम्बन्धित रहेका विषयहरूमा गरिएका अनुसन्धानहरू पुरुष केन्द्रित भएकोले सामाजिक विभेदको स्तर बढेको महिलावादी विश्लेषकहरू बताउँछन् । लैङ्गिक विभेदको अध्ययनलाई विकासको अध्ययनमा जोडेर हेर्नुपर्ने तर्कहरू विभिन्न महिलावादीहरूले अगाडि सारिरहेका छन् । महिलावादीहरुले जहाँ महिलाहरु शिक्षित र अवसर पाएका छन् ती महिलाहरुले मात्र महिलाको विषसयमा सोच्ने गरेको तर पहिले देखि अवसर पाइरहेको पुरुषले यस विषयमा महत्व नदिएको बताउछन् ।


(घिमिरे, १९७९) का अनुसार यहाँ केहि महिलामा मात्र राम्रो शैक्षिक योग्यता, तालिम र अनुभव छ भनिन्छ भने त्यसको पछाडी को जिम्मेवार छ ? किन समान सहभागीताका लागी आवश्यक वातावरण निर्माण गर्ने तर्फ लागिएन ।

उद्‌त, आचार्य (२०६१) का अनुसार जैविक दृष्टिकोणबाट पुरुष र महिलाको कार्य विभाजन भएको हुन्छ जसको कारण लिङ्गका आधारमा महिला पुरुषको लैङ्गिक स्तरीकरण सम्पत्ति, प्रतिष्ठा, शक्ति असमान वितरणका आधारमा हुने गर्दछन् । प्राकृतिक रूपमा रहेको विभेदलाई आधार लिएर महिलालाई सामाजिक रूपमा विभेद गरिएको छ । जसले महिला हरेक क्षेत्रमा पछाडि परिरहेका छन् । यो अवस्था अन्त्य गर्नका निम्ति र महिलाको स्तरवृद्धिमा समाजले अवसर दिएर मात्र नपुग्ने देखिन्छ । समान अवसरको निम्ति कोटा पनि आवश्यक छ । महिलालाई महिला भित्रै प्रतिस्पर्धाको व्यवस्था गराउनु पर्दछ । हरेक क्षेत्रमा महिला पछाडि पर्नुमा शिक्षालाई लिन सकिन्छ । शिक्षामा कमि हुनुमा सामाजिक, साँस्कृतिक आर्थिक र लैङ्गिक कारण नै रहेको हुन्छ । महिलाको स्तर विकास नगर्दासम्म पूर्ण रूपमा सामामाजिक विकास हुन सक्दैन । महिला समाजको एउटा पाटो भएकोले शिक्षित भए परिवार पूर्ण रूपमा शिक्षित हुन्छ । महिलाहरू अशिक्षित भएमा परिवार र समाज पूर्ण रूपमा अशिक्षित हुन्छ ।

सुवेदी, (२०५९) का अनुसार महिला शिक्षा आवश्यक छ भनिन्छ, एक जना महिला शिक्षित भइन् भने परिवार नै शिक्षित हुन्छ । शिक्षाबाट सबै कुरा उपलब्ध हुन्छ भनिएतापनि शैक्षिक अवस्थामा अवरोध हुनाले अथवा बहुसंख्यक बालबालिकाहरू जो शिक्षा जस्तो जीवनमा अति आवश्यक अवसरबाट बञ्चित भएका छन् । सामाजिक आर्थिक र रणनीतिक परिपाटीमा उपलब्ध अवसर र अधिकारको उपयोग गर्न सक्दैनन् । आर्थिक कठिनाईका कारण छोरा र छोरी कै शिक्षामा कटौति गर्नुपर्ने हुँदा उनीहरू विद्यालयको पढाइ छोड्न बाध्य हुन्छन् ।

प्रस्तुत पुर्व साहित्यको अध्ययनगर्दा यस्तो वातावरण निर्माण गर्न समाज लागी नपरेको र पुरातनवादी मान्यतालाई प्रश्रय दिन मात्र सहयोग गरेको विविध महिलावादीहरुले आरोप लगाउदै आएका छन् । नेपाली सन्दर्भमा लैङ्गिक विभेदलाई नारीवादी अभियानसँग जोडेर हेरिन्छ । त्यसैकारण १९ औं शताब्दिको अन्त्यतिरबाट लैङ्गिक विभेद सम्बन्धी गतिविधिहरूको सुरुवात भएको पाइन्छ । जहाँबाट प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गबिच रहेको अन्तरसम्बन्धको व्याख्या र विश्लेषणको सुरुवात भएको हो । सामाजिकिकरण प्रक्रियाले सामाजिक लिङ्गको व्याख्या गर्दछ । नेपालको सामाजिक ढाँचा, मुल्य, मान्यता अनुरूप समाजमा पुरुषको भूमिका शक्तिशाली तथा पहुँच बढी हुँदै आएको छ महिलाको पहुँच कमजोर रहदै आएको छ । महिला र पुरुष जोडिएका हरेक पक्षमा पुरुष बर्चस्व र बाहुल्यता बढि रहेको पाइन्छ । यस्तै विभेदको विविध पक्षहरूलाई समेट्नको लागी सामाजिक लिङ्ग, नारीवाद, विकास आदिलाई समेटेर अध्ययन गर्ने गरेको पाइन्छ ।

## २.४ अवधारणागत खाका




परिवार, समाज र शैक्षिक संस्थामा रहेको लैङिगक विभेदको अनुभवलाई यस अध्ययनमा प्राथमिकता दिइएको छ । एउटा विद्यार्थीले परिवार, समाज र शैक्षिक संस्था भित्र अनुभव गरेका लैङ्गिक विभेद सम्वन्धि विषय भित्र रहेर विभेदलाई सहयोग पुर्याउने तत्वहरुलाई मात्र यसमा समावेश गरिएको छ । जसमा महिला र पुरूष विद्यार्थीहरूले घरबाट बाहिर जाँदा परिवारको पुर्व अनुमती लिदा वीचको लैङ्गिक विभेदको अनुभव, शैक्षिक संस्थामा विषय छनोट गर्ने विषयको अनुभव, निर्णय प्रक्रियामा गरिएको लैङ्गिक विभेदको अनुभव र समाजले महिला र पुरूष विद्यार्थीहरूको शैक्षिक योग्यता प्रति राखेको दृष्ट्रिकोणलाई यस अध्ययनमा समावेश गरिएको छ ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

यस शोधपत्र तयार गर्नका लागि अध्ययन तथा अनुसन्धानका आवश्यक पर्ने विभिन्न विधि र तरिकाहरु अवलम्बन गरिएको छ । अध्ययनको सिलसिलामा विभिन्न प्रकारका अनुसन्धान विधि प्रयोग गरिएका छन्, के-कस्ता प्रकारका सुचना तथा तथ्याङ्कहरुको संङ्कलन गरिएका छन्, भन्ने वारेमा यस अध्यायमा वर्णन गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

लेखनाथ नगरपालिकामा रहेका विद्यार्थीहरूबिच रहेको लैङ्गिक विभेदको अध्ययन अहिलेसम्म नभएको हुँदा यस क्षेत्रलाई छनोट गरिएको हो । यस क्षेत्र पोखरा उपमहानगरपालिका सँगै रहेको भएता पनि लेखनाथ नगरपालिका ग्रामीण परिवेशपुर्ण भएकाले पनि रहेकोले यस क्षेत्रलाई अध्ययनको क्षेत्र बनाइएको हो । साथमा मेरो रूचीको विषय पनि भएकोले उक्त विषयको छनोट गरिएको हो ।

## ३.२ अनुसन्धान ढाँचा

लैङ्गिक विभेद सम्बन्धमा विद्यार्थीहरुले पारिवारमा, समाजमा र शैक्षिक संस्थाहरूमा गरेको अनुभवलाई मात्र हेर्ने प्रयत्न गरिएको छ । यसरी विद्यार्थीहरूबिच रहको लैङ्गिक विभेदको प्रभाव र उनीहरूबिच रहेका अनुभवहरू भित्र रहेर अध्ययन गर्ने हुँदा वर्णनात्मक अनुसन्धान पद्धति यस अध्ययनको लागि उपयुक्त अनुसन्धान ढाँचा हो र यसैमा रहेर उक्त अनुसन्धान गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा अनुसन्धानको स्रोत प्राथमिक र द्वितिय दुवै खालको तथ्याङ्क प्रयोग गरिएको र जसमा छलफल, अवलोकन, अन्तर्वार्ता, अनुसूची, समूहगत छलफल पर्दछन् भने यस अनुसन्धानमा सम्बन्धित लिखित लेख र रचनाहरू पुस्तक, शोधपत्र, पत्रपत्रिका र केही इन्टरनेट विधिबाट द्वितिय तथ्याङ्कको स्रोत प्रयोग गरिएको छ । यस अनुसन्धानमा संख्यात्मक र गुणात्मक दुवै किसिमका तथ्याङ्कहरू लिइएको छ ।

## ३.४ समग्र नमुना छनौट विधि

लेखनाथ नगरपालिकमा १७ उच्च मा. वि., ४ वटा बहुमुखी क्याम्पस र एउटा विश्वविधायलय रहेको छ । यसमा लेखनाथ नगरपालिकामा रहेका विभिन्न कलेज तथा उच्च मा., वि., मा पढ्ने र विश्व विद्यालयमा पढ्ने विद्यार्थीहरुको समान प्रतिनिधित्व हुने गरी कुल १२० जना विद्यार्थीहरू लिइएको छ । जसमध्ये उच्च मा. वि. मा अध्ययनरत ४०, स्नातक तहमा अध्ययनरत ४० र स्नातकोत्तर तहमा अध्ययनरत ४० गरी जम्मा १२० जना विद्यार्थीलाई नमुनाको रूपमा लिइएको छ । विभिन्न विषयमा अध्ययन गर्ने महिला र पुरुष विद्यार्थीहरूको छनोट गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानमा प्राथमिक स्रोत अन्तर्गत हरेक अवलोकन, अन्तर्वार्ता, अनुसूची, समूहतग छलफल र कार्यक्षेत्रमा सम्बन्धित एवम् जानकार व्यक्तिहरूबाट प्रत्यक्ष रूपमा सहभागी भएर सोधपुछ गरेर प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

तथ्याङ्क संकलन गर्ने क्रममा प्राप्त तथ्याङ्कहरूलाइ प्रस्तुत गर्न आवश्यक कम्प्युटर प्रोग्रामहरूको प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक र विवरणत्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको सामाजिक जनसाङ्ख्यिक अध्ययन

यस अध्यायमा विद्यार्थीहरु वीचको लैङ्गिक विभेदको अनुभवलाई अध्ययनको उद्देश्य अनुसार घर बाहिर जादाँ परिवारको पूर्व अनुमती र जेण्डर, विद्यार्थीहरुको पारिवारिक निर्णय प्रक्रियामा सहभागीता र जेण्डर, विद्यार्थीहरूले अध्ययन गर्ने विषयको छनोट र जेण्डर र विद्यार्थीहरूको शैक्षिक योग्यता प्रति रहेको समाजको दृष्ट्रिकोण अध्ययनको मुख्य उद्देश्य रहेका छन् । यस उद्देश्यलाई प्राप्त गर्न काइ स्क्वाएर टेस्टको प्रयोग मार्फत अध्ययन गरिएको छ ।

### ४.१ अध्ययन क्षेत्रको परिचय

**ले**खनाथ नगर पालिका मध्ये नेपालमा अवश्थित पोखरा उपत्यकाको प्रायः ( २८ डिग्री ०५ उत्तर देखी २८०१२ उत्तरी अक्षाशं र ५४डिग्री ०८ पूर्वी देशान्तर ) समथर भागमा रहेको प्राकृतिक सौन्दर्ययुक्त नगर पालिका हो । समुन्द्र सतहबाट ४९० मिटर उचाइमा रहेको कात्रेदेखी १२१७ मिटर कोटेवारी ( सिरानडाँडा )सम्म फैलिएको यस नगरपालिकाले पोखरा उपत्यकाको दक्षिण पूर्वी किनारामा प्रायः ठूलाकोटको फेदीमा अवश्थित सात ताल समेत १२३.११ वर्ग किलोमटिर क्षेत्रफल ढाकेको छ ।

### ४.२ उत्तरदाताको जनसाङ्ख्यिक विवरण

अध्ययनको यस अध्यायमामा सम्बन्धित विषयसगँ सोधिएका प्रश्नहरु र उत्तरदाताहरुको अनुभवलाई टेवुलमा प्रस्तुत गरी व्याख्या गरिएको छ । जसमा सामाजिक आर्थिक विषयहरु, विद्यार्थीहरुले अनुभव गरेको स्वतन्त्रता, विभिन्न सकांयमा अध्ययन गर्ने महिला तथा पूरूषहरुको उपश्थितिको अनुपात, विद्यार्थीहरुको सामाजिक कार्यमा रहेको संलग्नता र लैङ्गिक विभेदको अनुभवलाई समावेश गरिएको छ । अध्ययनको लागी जम्मा १२० जना विद्यार्थीहरू मध्ये ५९ जना पुरूष विद्यार्थी र ६१ जना महिला विद्यार्थीको अनुभवलाई मात्र यस अध्ययनमा प्रस्तुत र विश्लेषण गरिएको छ ।

**तालिका ४.१: उत्तरदाताको शैक्षिक योग्यता विवरण**

| शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्लस टू का विद्यार्थी | ४० | ३३.३ |
| स्नातक | ४० | ३३.३ |
| स्नातकोत्तर | ४० | ३३.३ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

तालिका नं. ४.१ अनुसार कूल १२० जना उत्तरदाता मात्र यस अध्ययनका केन्द्रविन्दुमा राखी विभिन्न तहका महिला तथा पुरुष विद्यार्थीहरुको अनुभवलाई समेटिएको छ । जहाँ प्लस टु तहका ४० जना, स्नातक तहका ४० जना र स्नातकोत्तर तहका ४० जनाको अनुभवलाई राखिएको छ । यस अध्ययनमा जम्मा ५९ जना महिला विद्यार्थी र ६१ जना पुरुष विद्यार्थीको सहभागीता रहेका छन् ।

## ४.३ उत्तरदाताको लैङ्गिक विवरण

लैङ्गिक विभेदको अध्ययन गर्ने क्रममा उत्तरदाता विद्यार्थीहरूको लिङ्गिय विवरणहरुलाई प्रमुख आधार बनाइएको छ । उनीहरुको लिङ्गिय उपश्थितिलाई निम्न तालिकामा देखाइएको छ ।

**तालिका ४.२: उत्तरदाताको लैङ्गिक विवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | ६१ | ५०.८ |
| पुरुष | ५९ | ४९.२ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

तालिका ४.२ अनुसार कुल १२० जना विद्यार्थीहरु मध्ये जम्मा ६१ जना महिला विद्यार्थी र जम्मा ५९ जना पुरूष विद्यार्थीको उत्तरलाई मात्र यसमा समावेश गरिएको छ । जस अनुसार महिला ५०.८ प्रतिशत र पुरूष ४९.२ प्रतिशतलाई मात्र समावेश गरिएको छ ।

## ४.४ उत्तरदाताको वैवाहिक स्थिति

अध्ययनको क्रममा उत्तरदाता विद्यार्थीहरूको वैवाहिक शिथतिलाई निम्न तालिका अनुसार राखिएको छ ।

**तालिका ४.३: उत्तरदाताको विवाह सम्बन्धी विवरण**

| बैवाहिक अवश्था | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | १७ | १४.२ |
| अविवाहित | १०३ | ८५.८ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

यस अध्ययनमा १२० जना विद्यार्थीहरुमध्ये  जम्मा १७ जना विदयार्थीहरु विवाहित र १०३ जना विदयार्थीहरु अविवाहित रहेको देखाएको छ । जस अनुसार १४.२ प्रतिशत  विवाहित र ८५.८ जना विद्यार्थीहरु अविवाहित रहेका छन् ।

**तालिका ४.४: उत्तरदाताको पारिवारिक विवरण**

| परिवारको आकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | ७३ | ६०.८ |
| सयुंक्त परिवार | ४३ | ३५.८ |
| बृहत परिवार | ४ | ३.३ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

तलिका ४.४ अनुसार समाजमा रहेका विविध किसिमका परिवारहरु मध्ये एकल परिवारमा बस्ने विद्यार्थीको सङ्ख्या ७३ जना अथवा ६०.८ प्रतिशत रहेका छन् । संयुक्त परिवारमा बस्ने विद्यार्थीको सङ्ख्या ४३ जना अथवा ३५.८ रहेका छन् भने वृहत परिवारमा वस्नेहरुको संख्या घटिरहेको यस अध्ययनबाट पाइन्छ । जम्मा ४ जना विद्यार्थी अथवा ३.३ प्रतिशत मात्र वृहत परिवारमा बसोवास गरेका पाइयो ।

## ४.५ उत्तरदाताको पारिवारिक विवरण

परिवारको पारिवारिक विवरणलाई परिवारको आकार अनुसार निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५: उत्तरदाताको पारिवारिक संख्या विवरण**

| परिवारको आकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २-३ | ३२ | २६.७ |
| ४-६ | ७४ | ६१.७ |
| ६ भन्दा माथी | १४ | ११.७ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

तलिका ४.५ अनुसार परिवारमा २-३ जनाको सदस्य सङ्ख्यामा मात्र बसोबास गर्ने विद्यार्थीहरु जम्मा ३२ जना,२६.७ प्रतिशत मात्र रहेका छन् । ४-६ जनाको सदस्य सङ्ख्यामा बसोबास गर्ने विद्यार्थीको सङ्ख्या यस अध्ययनले सवै भन्दा बढि देखाएको छ । जहाँ ७४ जना अथवा ६१.७ प्रतिशत विद्यार्थीहरु ४ देखी ६ जनाको सदस्य रहेको परिवारमा बसोबास गरेका छन् । ६ जना भन्दा बढि परिवारको सदस्य संख्यामा बस्ने विद्यार्थीको सङ्ख्यामा जम्मा १४ जना अर्थात ११.७ प्रतिशत रहेको छ ।

## ४.६ वुवाको शैक्षिक विवरण

परिवार भित्र परिवारका शैक्षिक योग्यताले प्रभाव पारिरहेको हुन्छ । सोहि विषयलाइ आधार मानेर अध्ययनको क्रममा परिवार भित्र आमा वुवाको शैक्षिक योग्यता विच रहेको लैङ्गिक अन्तरलाई यसमा समावेश गरिएको छ ।

**तालिका ४.६: उत्तरदाताको बुबाको शैक्षिक विवरण**

| बुवाको शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामान्य लेखपढ | ३७ | ३०.८ |
| एस.एल.सी | ५१ | ४२.५ |
| स्नातक | २४ | २०.० |
| स्नातकत्तोर | ८ | ६.७ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

परिवारमा बाबा र आमा मध्ये परिवारको मुली प्राय बाबा नै रहने गरेको पाइन्छ । पेशा व्यवशाय तथा शैक्षिक योग्यतामा बाबाको स्थान अगाडि रहिरहेको हुन्छ । यस अध्ययनले पनि बाबाको शैक्षिक योग्यता सामान्य रहेको जम्मा ३७ जना अर्थात ३०.८ प्रतिशत रहेको पाइएको छ । जम्मा १२० जना विद्यार्थीहरुमा एस.एल.सी. सम्म अध्ययन गर्ने विद्यार्थीको बाबुको सङ्ख्यामा ५१ जना अर्थात ४२.५ रहेको छ । स्नातक तह सम्मको अध्ययन गर्ने विद्यार्थीको बाबुको सङ्ख्या जम्मा २४ जना अर्थात २०.० प्रतिशत रहेको छ। स्नातकोत्तर सम्मको अध्ययन गर्ने बाबुको सङ्ख्या जम्मा ८ जना अर्थात ६.७ प्रतिशत रहेको छ।

## ४.७ बुबाको पेसा

वुवा र आमाको शैक्षिक योग्यतावीच पनि लैङ्गिक विभेदको अन्तरलाई पनि यस अध्ययनमा निम्नानुसार राखिएको छ।

**तालिका ४.७: उत्तरदाताको बुबाको पेसा सम्बन्धी विवरण**

| बुबाको पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरकारी जागीर | ४१ | ३४.२ |
| कृषि व्यबशाय | २९ | २४.२ |
| बैदेशिक रोजगार | ३२ | २६.७ |
| अन्य व्यवशाय | १८ | १५.० |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

यस अध्ययनमा सरकारी जागीर खाने बाबुका छोराछोरीहरु जम्मा ४१ जना अर्थात ३४.२ प्रतिशत रहेका छन् । कृषि ब्यबशायमा काम गर्ने बाबुका छोराछोरी अर्थात विद्यार्थीहरु जम्मा २९ जना अर्थात २४.२ रहेका छन् । जम्मा ३२ जना विद्यार्थीका बाबुहरु अर्थात २६.७ प्रतिशत विद्यार्थीका बाबुहरु बैदेशिक रोजगारीका लागीर विदेश गएका यस अध्ययनमा पाइएको छ । यस भन्दा बाहेक अन्य ब्यबशाय संचालन गरेर बसेका बाबुका छोराछोरीहरु जम्मा १८ जना अर्थात १५.० प्रतिशत रहेको छ ।

## ४.८ आमाको शिक्षा

**तालिका ४.८: उत्तरदाताको आमाको शिक्षा सम्बन्धी विवरण**

| आमाको शैक्षिक योग्यता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सामान्य लेखपढ | ८६ | ७१.७ |
| एस.एल.सी | २९ | २४.२ |
| स्नातक | ३ | २.५ |
| स्नातकतोर | २ | १.७ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

यस अध्ययनमा जम्मा ८६ जना अर्थात ७१.७ प्रतिशत विद्यार्थीका आमाहरुको शैक्षिक योग्यता साक्षर रहेको पाइएको छ । एस एल सी सम्म अध्ययन गर्ने गरेका विद्यार्थीका आमाहरु जम्मा २९ जना अर्थात २४.२ प्रतिशत रहेको छ । स्नातक सम्म अध्ययन गरेका विद्यार्थीको आमाहरुको सङ्ख्या जम्मा ३ अर्थात २.५ प्रतिशत देखिएको छ । स्नातकोत्तर तह सम्म अध्ययन गर्ने विदयार्थीहरुको आमाको सङ्ख्या जम्मा २ जना अर्थात १.७ प्रतिशत रहेको छ

## ४.९ आमाको पेशा

ऋामाको पेशालाई निम्नानुसारको तालिका के के कुरा वा विषयमा विभेद छ भनि ब्याख्या एवं विश्लेषण गरिएको छ ।

**तालिका ४.९: उत्तरदाताको आमाको पेसा सम्बन्धी विवरण**

| आमाको पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घरायसी काम | ९१ | ७५.८ |
| जागीर | १ | ०.८ |
| बैदेशिक रोजगार | ५ | ४.२ |
| कृषि | २३ | १९.२ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

## ४.१० सङ्कायमा उपस्थिति विवरण

सङ्कायमा महिला तथा पुरूष विद्यार्थीको उपशि्थतिलाई लैङ्गिक अवश्था अनुसार निम्न अनुसार राखिएको छ ।

**तालिका ४.१०: महिला विद्यार्थीको सङ्कायमा उपस्थिति**

| विषय | संख्या | प्रतिशत |
|---|---|---|
| मानविकी | १० | ८.३ |
| व्यवस्थापन | ४४ | ३६.७ |
| विज्ञान | २१ | १७.५ |
| शिक्षा | ४५ | ३७.५ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

**तालिका ४.११: पुरूष विद्यार्थीको सङ्कायमा उपस्थिति**

| विषय | संख्या | प्रतिशत |
|---|---|---|
| मानविकी | ३ | २.५ |
| व्यवस्थापन | ७७ | ६४.२ |
| विज्ञान | ३० | २५.० |
| शिक्षा | १० | ८.३ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

माथीको तालिकामा विभिन्न संकायमा अध्ययन गर्ने महिला तथा पुरूष विद्यार्थीहरूको तथ्याङ्कलाई प्रतिशतमा देखाइएको छ । मानविकी संकायमा जम्मा ८.३ प्रतिशत महिला विद्यार्थी रहेको छ भने सोही संकायमा २.५ प्रतिशत पुरूष विद्यार्थीको उपश्थिति रहेको छ । जहाँ महिला विद्यार्थीको संचित प्रतिशत प्रतिशत ८.३ प्रतिशत र पुरूष विद्यार्थीको संचित प्रतिशत २.५ प्रतिशत रहेको छ । ब्यबश्थापन संकायमा महिला विद्यार्थीको ३६.३ प्रतिशत प्राप्त प्रतिशत रहेको छ भने सोही संकायमा पुरूष विद्यार्थीको ६४.२ प्राप्त प्रतिशत रहेको छ । जसमा महिला विद्यार्थीको संचित प्रतिशत ४५.० प्रतिशत रहेको छ भने पुरूष विद्यार्थीहरूको संचित प्रतिशत जम्मा ६६.७ प्रतिशत रहेको छ । विज्ञान संकायमा महिला विद्यार्थीको प्राप्त प्रतिशत १७.५ प्रतिशत रहेको छ सोही संकायमा पुरूष विद्यार्थीको २५.० प्रतिशत प्राप्त प्रतिशत रहेको छ । जहाँ महिला विद्यार्थीको संचित प्रतिशत ६२.५ प्रतिशत रहेको छ भने पुरूष विद्यार्थीको संचित प्रतिशत ९१.७ प्रतिशत रहेको छ । शिक्षा संकायमा पुरूष विद्यार्थीको प्राप्त प्रतिशत ३७.५ प्रतिशत रहेको छ भने सोहि संकायमा महिला विद्यार्थीको प्राप्त प्रतिशत ८.३ प्रतिशत रहेको छ । जहाँबाट महिला विद्यार्थीको संचित प्रतिशत १०० प्रतिशत र पुरूष विद्यार्थीको संचित प्रतिशत १०० प्रतिशत आएको छ ।

## ४.११ सङ्काय भित्र कर्मचारी तथा विद्यार्थीको अनुपात

विभिन्न सङ्कायमा अध्ययन गर्ने विद्यार्थी र सङ्कायमा कार्यगत कर्मचारीहरु वीचको अन्तर सम्बन्धमा पनि लैङ्गिक विभेद रहेको यस अध्ययनमा रहेको छ ।

**तलिका ४.१२: सङ्काय भित्र कर्मचारीको अनुपात**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| २०-८० | ४६ | ३८.३ |
| ३०-७० | ३२ | २६.७ |
| ४०-६० | २७ | २२.५ |
| ५०-५० | ९ | ७.५ |
| ६०-४० | ६ | ५.० |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

तलिका ४.११ अनुसार महिला र पुरुष विद्यार्थीले आफूले अध्ययन गर्ने संस्थामा कति अनुपातमा महिला र पुरुष कर्मचारी तथा शिक्षक शिक्षिका रहेका हुन्छन भन्दा सवै भन्दा बढि २० देखि ८० को अनुपातमा ४६ जना अर्थात ३८.३ प्रतिशतले देखाएको छ। त्यसपछि ३० देखि ७० को अनुपातमा रहेको ३२ जना अर्थात २६.७ प्रतिशतले देखाएको छ। ४० देखी ६० को अनुपातमा २७ जना अर्थात २२.५ प्रतिशत रहेको देखाएको छ। ५० देखी ५० को अनुपातमा जम्मा ९ जना अर्थात ७.५ प्रतिशत विद्यार्थी आफ्नो संस्थामा उपश्थिति रहेको बुझेका छन्। ६० देखी ४० को अनुपातमा जम्मा ६ जना अर्थात ५.० प्रतिशतले मात्र आफूहरुले महशुष गरेका छन्।

## ४.१२ सङ्कायमा महिला तथा पुरूष विद्यार्थीको अनुपात

विभिन्न संकायमा विद्यार्थीको उपस्थिति र लैङ्गिक विभेदको अवश्थाको वारेमा अध्ययन गर्दा निम्नानुसारको अवश्था यस अध्ययनमा रहेको छ।

**तालिका ४.१३: सङ्कायमा महिला तथा पुरुष विद्यार्थीको उपस्थिति**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| २०-८० | १४ | ११.७ |
| ३०-७० | १६ | १३.३ |
| ४०-६० | २९ | २४.२ |
| ५०-५० | १९ | १५.८ |
| ६०-४० | १६ | १३.३ |
| ७०-३० | ९ | ७.५ |
| ८०-२० | १७ | १४.२ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षसण, २०७२।*

विभिन्न सङ्कायमा अध्ययन गर्ने महिला तथा पुरुष विद्यार्थीको अनुपात सबैभन्दा बढि अर्थात २९ जना अर्थात २४.२ प्रतिशत रहेका छन्। ५० देखी ५० को अनुपातमा जना १९ अर्थात १५.८ प्रतिशतले महशुष गरेका छन् । ३० देखी ७० को अनुपातमा १६ जना तथा १३.३ प्रतिशत विद्यार्थीले बताएका छन्। ६० देखी ४० को अनुपातमा १६ जना अर्थात

१३.३ प्रतिशतले देखाएको छ । २० देखी ८० को अनुपातमा रहेको १४ जना अर्थात ११.७ प्रतिशत विदयार्थीले देखाएका छन् । ८० देखी २० को अनुपातमा १७ जना अर्थात १४.२ प्रतिशत रहेको छ । ७० देखी ३० को अनुपातमा ९ जना अर्थात ७.५ प्रतिशत रहेको यस अध्ययनमा संलग्न विद्यार्थीहरुले बताएका छन् ।

## ४.१३ सङ्काय अनुसार महिला तथा पुरुष विद्यार्थीको सङ्ख्या

विभिन्न संकायमा विद्यार्थीको संख्या संकाय अनुसार फरक फरक रहेको छ । अध्ययनको उद्देश्य अनुसार महिला विद्यार्थीहरुले परिवारको अनुकूल अनुसारको अध्ययन गर्ने संकायमा अध्ययन गर्ने गरेको यस अध्ययनमा पाइएको छ ।

**तालिका ४.१४: सङ्काय अनुसार महिला तथा पुरूषको सङ्ख्या**

| सङ्काय | पुरूष | महिला |
|---|---|---|
| मानविकी | ३ | १० |
| व्यबश्थापन | ७७ | ४४ |
| विज्ञान | ३० | २१ |
| शिक्षा | १० | ४५ |
| **जम्मा** | **१२०** | **१२०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

पुरूषको तुलनामा महिलाहरूले अध्ययन गर्ने विषय र सङ्काय प्राविधिक नहुने, परिवारको अनुकुलको सङ्कायमा अध्ययन गर्ने यस अध्ययनमा देखिएको छ । मानविकी संकायमा अध्ययन गर्ने महिलाको सङ्ख्या १० जना रहेको छ भने पुरूषको सङ्ख्या जम्मा ३ जना रहेको छ । व्यवस्थापन सङ्कायमा जम्मा ७७ जना पुरूष विद्यार्थीहरुको रोजाई रहेको र जम्मा ४४ जना महिला विद्यार्थीहरूको रोजाई व्यवस्थापन रहेको यस अध्ययनले देखाएको छ । विज्ञान सङ्कायमा जम्मा ३० जना पुरूष विद्यार्थीको रोजाई रहेको छ भने जम्मा २१ जना महिला विद्यार्थीको रोजाई विज्ञान सङ्कायमा रहेको छ । शिक्षा सङ्कायमा जम्मा १० जना पुरूष विद्यार्थीको रोजाई रहेको छ भने ४५ जना महिला विद्यार्थीको रोजाई शिक्षा संकाय रहेको यस अध्ययनमा देखिएको छ ।

# अध्याय पाँच

# परिवार, समाज र शैक्षिक संस्थामा लैङ्गिक विभेद

परिवार, समाज र शैक्षिक संस्था समाजका आधारभुत सामाजिक संस्थाहरू हुन् । यिनै संस्थाहरुबाट नै समाजका पारिवारिक तथा सामाजिक गतिविधिहरुको संचालन भइरहेको हुन्छ । यहाँ उद्देश्य अनुसार विभेदित अनुभवहरुलाई क्रमैसँग प्रस्तुत गरिएको छ ।

## ५.१ पारिवारिक निर्णय प्रक्रिया विद्यार्थीको अनुभव

परिवार भित्र परिवारका सदस्यको आज्ञा अनुसार कार्य गर्न पुरूषको तुलनमा महिलालाई कार्य अनुमती लिएर मात्र गर्न पाउने तर पुरूषलाई भने परिवारको अनुमति लिनु परे पनि विविध कारणहरूको बारेमा परिवारलाई जानकारी गराउनु नपर्ने देखिएको छ ।

**तालिका ५.१ः पूर्व अनुमति**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **परिवारको पूर्व अनुमति** | | |
| लिने | ५३ | ४४.२ |
| नलिने | ४१ | ३४.२ |
| कामको प्रकृति हेरेर मात्र | २६ | २१.७ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

विद्यार्थीहरुले आफ्नो घरबाट बाहिर जादा परिवारबाट अनुमति लिएर जाने विद्यार्थीको जम्मा सङ्ख्या ५३ जना अर्थात ४४.२ प्रतिशत रहेको छ । कुल १२० जना विद्यार्थीहरुको ४१ जना विद्यार्थीलाई तथा ३४.२ प्रतिशतले मात्र परिवारको अनुमति नलिइकन बाहिर जान सक्छन् । जम्मा २६ जना अर्थात २१.७ प्रतिशत विद्यार्थीहरुले मात्र कामको प्रकृति हेरेर परिवारबाट अनुमति लिएर मात्र बाहिर जाने गर्छन ।

### ५.१.१ पारिवारिक निर्णयमा सहभागी

परिवारको पारिवारिक निर्णयमा सदियौं देखि पुरूषको निर्णयलाई नै सर्वेसर्वा मान्ने गरिएको छ । पुरूषको सहभागीतामा गरिएका निर्णयहरूलाई सदर गर्ने गरिन्छ । यस अध्ययनमा पनि महिला विद्यार्थीलाई भन्दा पुरुष विद्यार्थीलाई परिवारले बढि मान्यता दिएको पाइएको छ ।

**तालिका ५.२: उत्तरदाताको पारिवारिक निर्णयमा सहभागी विवरण**

| पारिवारिक निर्णयमा सहभागी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सहभागी हुने | ६७ | ५५.८ |
| सहभागी नहुने | १९ | १५.८ |
| आफूसर्ग सम्बन्धित भएमा | ३४ | २८.३ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

तलिका ५.२ अनुसार कुल १२० जना विद्यार्थीहरु मध्ये जम्मा ६७ जना अर्थात ५५.८ प्रतिशत विद्यार्थीहरुले मात्र आफ्नो परिवारको पारिवारिक निर्णयमा सहभागि रहेका छन् । पारिवारिक निणर्य गर्दा विद्यार्थीहरु सगँ सम्बन्धित विषय भए मात्र जम्मा ३४ जना अर्थात २८.३ प्रतिशत विद्यार्थीहरुलाई निर्णय कार्यमा सहभागी भएका छन् । जम्मा १९ जना अर्थात १५.८ प्रतिशत विद्यार्थीहरुले भने परिवारको निर्णय प्रक्रियामा आफ्नो सहभागीता नरहेको जनाएका छन् ।

### ५.१.२ परिवारमा निर्णय अधिकार

परिवार निर्णय अधिकार आमाको भन्दा बढि बुवाको धेरै रहने गरेको पाइन्छ । यस अध्ययमा पनि औसतमा बाबाको निर्णय अधिकारलाई परिवारले बढि महत्व दिएको पाइएको छ ।

**तालिका ५.३: परिवारमा निर्णय अधिकार**

| परिवारमा निर्णय अधिकार | संख्या | प्रतिशत |
|---|---|---|
| आमाको | १९ | १५.८ |
| बबाको | २९ | २४.२ |
| दुवै जनाको | ४६ | ३८.३ |
| परिवारका सवैको | २६ | २१.७ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

तालिका ५.३ अनुसार  घरको पारिवारिक निर्णय गर्दा धेरै जसो परिवारमा बुवा र आमाको संयुक्त भुमिका रहेका छ । आमा बुवा दुवै जनाको निर्णय भुमिका रहेका विद्यार्थीहरुको सङ्ख्या जम्मा ४६ जना अर्थात ३८.३ प्रतिशत रहेको छ । आमाको मात्र निर्णयलाई स्वीकार गर्ने परिवारको विदयार्थीहरुको सङ्ख्या जम्मा १९ जना अर्थात १५.८ प्रतिशत रहेको छ । बाबुको निर्णयले मात्र प्राथमिकता पाउने परिवारको विद्यार्थीहरुको सङ्ख्या जम्मा २९ जना अर्थात २४.२ प्रतिशत रहेको छ । परिवारका सम्पुर्ण सदस्यहरुले निणर्य कार्यमा प्राथमिकता पाउने परिवारका विद्यार्थीहरुको सङ्ख्या जम्मा २६ जना अर्थात २१.७ प्रतिशत रहेको छ ।

## ५.१.३ निर्णय प्रक्रियामा सहभागीता र जेण्डर वीचको अन्तरसम्बन्ध

परिवार तथा समाजका विविध गतिविधिमा जेण्डर र निर्णय प्रक्रियावीच सदैव विभेदित सम्बन्ध रहि आएको पाइन्छ ।

**तालिका ५.४: निर्णय प्रक्रियामा सहभागी**

| जेण्डर | निर्णय प्रक्रियामा सहभागी | | | जम्मा |
|---|---|---|---|---|
| | हुने | नहुने | आफूसगं सम्वन्धित | |
| पुरूष | ४६ | ३ | १० | ५९ |
| महिला | २० | १६ | २५ | ६१ |
| जम्मा | ६६ | १९ | ३५ | ५९ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

यस तालिकामा विद्यार्थीहरुको निर्णय प्रक्रियामा सहभागीता र जेण्डर विचको सम्बन्धलाई देखाइएको छ । जसमा निर्णय प्रक्रियामा सहभागी हुने, नहुने र विद्यार्थीसँग सम्वन्धित भएमा मात्र भनेर प्रश्नावली तयार गरिएको थियो । यस अध्ययनले परिवारको पारिवारिक निर्णय प्रक्रियामा सहभागिता जम्मा ४६ जना पुरुष विद्यार्थीहरुले सहभागीता जनाएको देखाएको छ । घरको निर्णय प्रक्रियामा जम्मा ३ जना पूरूष विद्यार्थीहरुले मात्र सहभागीता जनाएका छैनन् । जम्मा १० जना पूरूष विद्यार्थीहरूले मात्र आफसगँ सम्वन्धित विषय भए मात्र निर्णय प्रक्रियामा सहभागीता रहने गरेको बताएका छन् । यस तालिकामा निर्णय कार्यमा लैङ्गिक विभेद कायमा रहेको पाइएको छ । पुरूषको तुलनमा महिलाको उपश्थिति कम रहेको यस तालिकाले वताएको छ ।

यस अध्ययनमा जम्मा २० जना महिला विद्यार्थीहरु घरको निर्णय पक्रियामा सहभागी रहने गरेको देखाएको छ भने जम्मा १६ जना महिला विद्यार्थीहरुले घरको पारिवारिक निर्णय प्रक्रियामा सहभागीता नजनाउने यस तालिकाले देखाएको छ । जम्मा २५ जना महिला विद्यार्थीहरुले आफूसँग सम्बन्धित विषयमा मात्र सहभागीता जनाउने गरेको यस अध्ययनमा देखिन आएको छ ।

यहाँ जम्मा ६६ जना विद्यार्थीहरुले घरको निर्णय प्रक्रियामा सहभागीता जनाएको छन् । जम्मा १९ जना विद्यार्थीहरुले घरको निर्णय प्रक्रियामा आफूहरू सहभागी  नहुने गरेको बताएका छन् । जम्मा ३५ जना विद्यार्थीहरुले आफूसगँ सम्वन्धित विषयमा मात्र घरको पारिवारिक निर्णयमा सहभागीता रहने गरेको यस अध्ययनमा देखिएको छ । जम्मा १२० जना विद्यार्थीहरुमा ५९ जना पूरूष विद्यार्थीहरु र ६१ जना महिला विद्यार्थीहरुको यसमा सहभागीता रहेको छ ।

### ५.१.४ जेण्डर र निर्णय प्रक्रिया बीच अन्तर सम्बन्ध

जेण्डर र निर्णय प्रक्रियामा सहभागीता वीच रहेको अन्तर सम्बन्धलाई काई स्क्वाएर टेस्ट अनुसार मापन गरिएको छ ।

**तालिका ५.५: जेण्डर र निर्णय प्रक्रियामा काई स्क्वाएर टेस्ट**

| काइ स्क्वाएर टेस्ट | पद | चर | मान्यता. महत्व. (दुइ पक्षिय) |
|---|---|---|---|
| पियर्सन काइ स्क्वाएर | २६.६०८ | २ | .000*** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।*

यस टेबुलमा जेण्डर र निर्णय प्रक्रियामा विद्यार्थी वीच लैङ्गिक विभेद रहेको देखाएको छ । जसको असर दुइ पक्षिय रहेको देखिएको छ । काइ स्क्वाएर भ्यालु .000*** ०.०१ रहनु भनेको दुई महिला तथा पुरुष विद्यार्थीहरुवीच लैङ्गिक विभेद रहेको छ । समाजमा अझैपनि केटा र केटिवीच लैङ्गिक विभेद रहेको पाइएको छ ।

## ५.१.५ सामान खरिद गर्ने अनुमती

परिवारमा सामान खरिद गर्नको लागी परिवारले विभिन्न समय, चाडपर्व, छोरा र छोरी भएका कारण समान खरिद गर्ने अनुमती प्रदान गर्ने गर्दछन् ।

**तालिका ५.६: सामान खरिद गर्ने अनुमती**

| सामान खरिद गर्ने अनुमती | संख्या | प्रतिशत |
|---|---|---|
| लिने | ९९ | ८२.५ |
| नलिने | ११ | ९.२ |
| चाडपर्वमा मात्र | १० | ८.३ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

विद्यार्थीहरुले आफुलाई आवश्यक पर्ने सामाग्री खरिद गर्न उनीहरुका आमा बाबुले उनीहरुलाई नै रूपैया उपलब्ध गराउने विद्यार्थीको सङ्ख्या जम्मा ९९ जना अर्थामत ८२.५ प्रतिशत रहेको छ । तर विद्यार्थीहरुलाई रूपैया उपलब्ध नहुहरुको सङ्ख्या जम्मा ११ जना अर्थात ९.२ प्रतिशत रहेको छ । चाडपर्वहरुमा मात्र रूपैया उपलब्ध गराउने विद्यार्थीको सङ्ख्या जम्मा १० जना अर्थात ८.३ प्रतिशत रहेको छ ।

### ५.१.६ साथी ल्याएर राख्न पाउने अवस्था

घरको पारिवारिक अवश्था अनुसार साथीहरूलाई ल्याएर घरमा राख्नको लागी परिवारको अनुमती लिनु पर्ने देखिन्छ ।

**तालिका ५.७ : साथी राख्ने सम्बन्धी विवरण**

| साथी ल्याएर राख्न | संख्या | प्रतिशत |
|---|---|---|
| पाउने | ९५ | ७९.२ |
| नपाउने | ८ | ६.७ |
| आकस्मिक परिस्थितिमा पाउने | १७ | १४.२ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्थलगत सर्वेक्षण, २०७२ ।*

घरमा साथीहरुलाइ ल्याएर राख्न जम्मा ९५ जना अर्थात ७९.२ प्रतिशत विद्यार्थीहरुलाई अनुमति परिवारले दिएको छ । कुल १२० जना विद्यार्थी मध्ये जम्मा ८ जना विद्यार्थीलाई मात्र परिवारमा साथी ल्याएर राख्न अनुमती प्राप्त भएको छैन् । तर आकस्मिक परिस्थितिमा जम्मा १७ जना अर्थात १४.२ प्रतिशत विद्यार्थीहरुले मात्र साथी ल्याएर राख्न पाँउछन् ।

## ५.२ परिवारको पूर्व अनुमति

### ५.२.१ जेण्डर र पूर्व अनुमति

समाजमा घरबाट वाहिर जाँदा पुरूषको तुलनामा महिलाले परिवारको अनुमती लिनु पर्ने संस्कार रहेको छ । तर पुरूषले परिवारबाट अनुमती लिए पनि हुने र नलिए पनि हुने समाजका नियमहरू रहेका हुन्छन् ।

**तालिका ५.८: जेण्डर र घर बाहिर जाँदा परिवारको पूर्व अनुमती**

| लिङ्ग | पद | | | जम्मा |
|---|---|---|---|---|
| | पर्ने | नपर्ने | कामको प्रकृति हेरेर | |
| पुरूष | १४ | ३३ | १२ | ५९ |
| महिला | ३९ | ८ | १४ | ६१ |
| **जम्मा** | ५३ | ४१ | २६ | १२० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

यस अध्ययनको लागी कुल विद्यार्थी सङ्ख्या १२० जनामा जम्मा १४ जना पूरुष विद्यार्थीहरुलाई घर बाहिर कतै जाँदा परिवारको अनुमती लिनु पर्ने देखिन्छ । जम्मा ३३ जना पूरुष विद्यार्थीहरुलाई परिवारको पूर्व अनुमती नलिइ घर बाहिर जान पाउने यस अध्ययन वा तालिकाले देखाएको छ । कामको प्रकृति हेरेर मात्र जम्मा १२ जना पूरुष विद्यार्थीहरूले परिवारको पूर्व अनुमती लिएर मात्र घर बाहिर जान पाउने देखिन्छ । यसाम जम्मा ५९ जना पूरूष विद्यार्थीहरुको मात्र यसमा सहभागीता रहेको छ ।

यस अध्ययनको लागी १२० जना विद्यार्थीहरुमध्ये जम्मा ६१ जना महिला विद्यार्थीहरु रहेका छन् । जसमा जम्मा ३९ जना महिला विद्यार्थीहरुले घर बाहिर जाँदा परिवारको पूर्व अनुमती लिएर जान पाउने देखाएको छ । यसैमा जम्मा ८ जना महिला विद्यार्थीहरुले परिवारको पूर्व अनुमती नलिई घर बाहिर जान पाउने देखाएको छ । जम्मा १४ जना महिला विद्यार्थीहरुले घर वाहिर जाँदा कामको प्रकृति हेरर जानकारी गराउनु पर्ने देदिएको छ ।

जसमा जम्मा ५३ जना विद्यार्थीहरुले घर बाहिर जाँदा परिवारको पूर्व अनुमती लिएर जान पाउने देखिन्छ । ४१ जना विद्यार्थीहरुले घर बाहिर जाँदा परिवारको पुर्व अनुमति लिन नपर्ने यस तालिकाले देखाएको छ । र ३६ विद्यार्थीहरुले कामको प्रकृति हेरेर मात्र परिवारको पूर्व अनुमती लिनुपर्ने यस अध्ययनमा अथवा तालिकामा रहेको छ । सरसर्ती हेर्दा केटाको तुलनामा केटिलाई घर बाहिर जाँदा परिवारको पूर्व अनुमती लिन जरूरी पर्ने यस अध्ययनले देखाएको छ ।

### ५.२.२ जेण्डर र पूर्व अनुमति बीच काई स्क्वायर टेष्ट

परिवार भित्र महिला तथा पुरुष बिच लैङ्गिक विभेदको अन्तरसम्बन्ध रहेको काई स्क्वायर टेष्ट विधि प्रयोग गर्दा पाइएको छ।

**तालिका ५.९: जेण्डर र पूर्व अनुमतीवीच काई स्क्वायर टेष्ट**

| काई स्क्वाएर टेस्ट | पद | चर | मान्यता महत्वपूर्ण ( दुईपक्षिय) |
|---|---|---|---|
| पिएर्सन काई स्क्वाएर | २७.१६४ | २ | .000*** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२।*

महिला र पूरूष विद्यार्थीहरुवीचको सम्बन्धमा लैङ्गिक विभेद रहेको देखाएको यस काइ स्क्वाएर टेस्टले देखाएको छ । घर बाहिर जाँदा पुरुष विद्यार्थीको तुलनामा महिला विद्यार्थीहरुले परिवारको अनुमती लिएर मात्र जान पाउने देखिन्छ । टेवलमा रहेको .०००*** भ्यालू ०.०१ सँग नजिक रहनु भनेको यिनिहरुवीच लैङ्गिक विभेद रहेको देखाउँछ। जहाँ महिलाले घर बाहिर जादाँ परिवारको पूर्व अनुमती लिएर जानु पर्ने देखिएको छ। केटा केटि वीच परिवार, समाज जस्ता आधारभूत सामाजिक संस्थाहरुको दृष्ट्रिकोणमा अझैसम्म पनि विभेद रहेको यसमा पाइएको छ।

## ५.३ विद्यार्थीले अध्ययन गर्ने विषयको छनौट

यस अध्ययनमा प्रत्येक विद्यार्थीहरुले आफूले अध्ययन गर्ने विषयको छनोट ७४ जना अर्थात ६१.७ प्रतिशतले आफूले नै गरेका छन् । १० जना अर्थात ८.३ प्रतिशत विद्यार्थीले परिवारको सहयोगमा मात्र अध्ययन गर्ने विषयको छनोट गरेका छन् । २८ जना विद्यार्थी तथा २३.३ प्रतिशतले साथीको सहयोगमा अध्ययन गर्ने विषको छनोट गरेका छन् । शिक्षकको सहयोगमा मात्र अध्ययन गर्ने विषयको छनोट गर्ने विद्यार्थीको सङ्ख्या ८ जना अर्थात ६.७ प्रतिशत रहेका छन् ।

### ५.३.१ जेण्डर र विषय छनौट

जेण्डर र विषय छनौटमा परिवारको संलग्नता रहने र विषय छनोट गर्दा छोरीलाइ भन्दा छोरालाई धेरै महत्व परिवार तथा समाजले दिई रहेको हुन्छ ।

**तालिका ५.१०: जेण्डर र विषय छनोटको सम्बन्ध**

| लिङ्ग | आँफैले | साथीको सहयोगमा | परिवारको सहयोगमा | शिक्षकको सहयोगमा | जम्मा |
|---|---|---|---|---|---|
| पुरूष | ४१ | ८ | १० | ए | ५९ |
| महिला | ३३ | २ | १८ | ८ | ६१ |
| **जम्मा** | **७४** | **१०** | **२८** | **८** | **१२०** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

परिवार र शैक्षिक संस्थामा जेण्डर र विद्यार्थीहरुवीचको सम्बन्धलाई यस तालिकाले देखाएको छ । यसमा जम्मा ४१ जना पूरूष विद्यार्थीहरुले आफुले अध्ययन गर्ने विषयको छनोट आफैँले गर्ने गरेका छन् । जम्मा ८ जना पूरूष विद्यार्थीहरुले साथीको सहयोगमा आफ्नो अध्ययनको विषय छनोट गर्ने गरेका छन् । परिवारको सहयोगमा भने जम्मा १० जना विद्यार्थीहरुले आफ्नो अध्ययन गर्ने विषयको छनोट गर्ने गरेका छन् । शिक्षकको सहयोगमा अध्ययनको विषय छनोट गर्ने पूरूष विद्यार्थीहरु भने रहेका छैनन् ।

यस अध्ययनमा जम्मा ३३ जना महिला विद्यार्थीहरुले मात्र आफूले अध्ययन गर्ने विषयको छनोट आफैँले गर्ने गरेका छन् । साथीको सहयोगमा जम्मा २ जना महिला विद्यार्थीहरुले मात्र आफूले अध्ययन गर्ने विषयको छनोट गरेका छन् । जम्मा १८ जना महिला विद्यार्थीहरुले आफूले अध्ययन गर्ने विषयको छनोट परिवारको सहयोगमा गर्ने गरेका छन् । शिक्षकको सहयोगमा आफूले अध्ययन गर्ने विषयको छनोट गर्ने महिला विद्यार्थीको सङ्ख्या जम्मा ८ जना रहेका छन् ।

कुल विद्यार्थी सङ्ख्या १२० मध्ये ७४ जना विद्यार्थीले अध्ययन गर्ने विषयको छनोट आफैँले गर्ने गरेका छन् । जसमा पूरूष विद्यार्थी ४१ जना र महिला विद्यार्थीहरु ३३ जनाले मात्र अध्ययनको विषय छनोट गर्ने गरेको पाइएको छ । जम्मा १० जना विद्यार्थीहरुले

साथीको सहयोगमा विषय छनोट गरेका छन् । जम्मा २८ जना विद्यार्थीहरुले परिवारको सहयोगमा अध्ययन गर्ने विषयको छनोट गर्ने गरेको पाइएको छ । जसमा १० जना पूरूष विद्यार्थी छन् भने १८ जना महिला विद्यार्थी रहेका छन् । जम्मा ८ जना विद्यार्थीहरुले मात्र शिक्षकको सहयोगमा अध्ययन गर्ने विषयको छनोट गरेका छन् ।

### ५.३.२ जेण्डर र विषय छनौट बिच काई स्क्वायर टेष्ट

सामाजिक लिङ्ग र विषय छनौट वीच रहेको अन्तर सम्बन्धलाई काई स्क्वाएर टेस्ट गरि प्रस्तुत गरिएको छ ।

**तालिका ५.११: जेण्डर र विषय छनोट वीच काइ स्क्वाएर टेस्ट**

| काई स्क्वाएर टेस्ट | | | |
|---|---|---|---|
| | भ्यालू | डिएफ | मान्यता . महत्वपूर्ण. (दुई पक्षिय) |
| पियर्सन काइ स्क्वाएर टेस्ट | १४.७२१ | ३ | .002*** |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।*

जेण्डर र विद्यार्थीहरुको विषय छनोटवीच पनि लैङ्गिक विभेद भएको देखिएको छ । जसमा असर दुइ पक्षिय रहेको छ । काई स्क्वाएर भ्यालू .००२*** ०.०१ रहनु भनेको दुई महिला तथा पूरूष विद्यार्थीहरुवीच विभेद कायम रहेका छ भन्ने हो ।

### ५.३.३ जेण्डर र शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोण

समाजका व्यक्तिहरूले महिला तथा पुरूष विद्यार्थीको शैक्षिक योग्यता प्रति फरक दृष्ट्रिकोण राखेको पाइएको छ । महिलाको शैक्षिका योग्यता प्रति सकरात्मक रहे पनि उनीहरुको योग्यतालाई समान लिन नसकेको पाइएको छ ।

**तालिका ५.१२: जेण्डर र शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोण**

| **लिङ्ग** | **सम्मानजनक** | **आशावादी** | **अर्थहिन** | **जम्मा** |
|---|---|---|---|---|
| पुरूष | २९ | ३० | ० | ५९ |
| महिला | १७ | ४२ | २ | ६१ |
| **जम्मा** | **४२** | **७२** | **२** | **१२०** |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७२ ।*

सामाजिक लिङ्ग र विद्यार्थीको शैक्षिक योग्यता प्रति जम्मा २९ जना पूरुष विद्यार्थीहरुको शैक्षिक योग्यतामा समाजको सम्मानजनक दृष्ट्रिकोण रहेको छ । जम्मा १७ जना महिला विद्यार्थीहरुको शैक्षिक योग्यता प्रति समाजको सम्मानजनक दृष्ट्रिकोण रहेको छ । जसमा कुल १२० जना विद्यार्थीहरु मध्ये जम्मा ४२ जना विद्यार्थीहरुको शैक्षिक योग्यता प्रति समाजको दृष्ट्रिकोण सम्मानजनक रहेको छ ।

कुल विद्यार्थीको जम्मा ३० जना पूरूष विद्यार्थीहरूको शैक्षिक योग्यता प्रति समाजको आशावादी दृष्ट्रिकोण रहेको छ । जसमा ४२ जना महिला विद्यार्थीहरूको शैक्षिक योग्यता प्रति समाजको आशावादी दृष्ट्रिकोण रहेको छ । जम्मा कुल विद्यार्थी मध्ये ७२ जना विद्यार्थीहरुको शैक्षिक योग्यता समाजको आशावादी दृष्ट्रिकोण रहेको छ । जम्मा २ जना महिला विद्यार्थीको शैक्षिक योग्यता प्रति समाजको अर्थहिन भूमिकाको महशुष गरेका छन् । यसमा जम्मा ५९ जना पूरूष विद्यार्थी र जम्मा ६१ जना महिला विद्यार्थीहरू गरी जम्मा १२० जना विद्यार्थीको सहभागीता रहेको छ ।

## ५.३.४ जेण्डर र शैक्षिक योग्यता प्रति काई स्क्वाएर टेष्ट

जेण्डर र शैक्षिक योग्यताको अन्तरलाई मापन गर्न काई स्क्वाएर टेस्ट मार्फत मापन गरिएको छ ।

**तालिका ५.१३: जेण्डर र शैक्षिक योग्यता प्रति काई स्क्वाएर टेस्ट**

| काई स्क्वाएर टेस्ट | | | |
|---|---|---|---|
| | भ्यालू | डिएफ | मान्यता . महत्वपूर्ण. (दुई पक्षिय) |
| पियर्सन काई स्क्वाएर टेस्ट | ७.०९९ | २ | .०२९** |
| ***p<०.०१, **p<०.०५ (पी भ्यालु काई स्क्वाएर टेस्ट मा आधारित) | | | |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७२ ।*

पिर्यसनको काइ स्क्वाएर भ्यालुले विद्यार्थीको शैक्षिक योग्यता प्रति समाजको दृष्ट्रिकोण लैङिगक विभेदपूर्ण रहेको देखाएको छ ।

## ५.४ लैङ्गिक विभेदको अनुभव

समग्रमा सम्पूर्ण विद्यार्थीहरूले लैङ्गिक विभेदको अनुभव गरेको यस अध्ययनको क्रममा पाइएको छ ।

**तालिका ५.१४: लैङ्गिक विभेदको अनुभव**

| विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **लैङ्गिक विभेद केटाको हकमा** | | |
| छ | २ | १.७ |
| छैन | ५७ | ४७.५ |
| **जम्मा** | **५९** | **४९.२** |
| **लैङ्गिक विभेद केटिको हकमा** | | |
| छ | २८ | २३.३ |
| छैन | ३३ | २७.५ |
| **जम्मा** | **६१** | **४९.८** |
| **परिवारमा लैङ्गिक विभेदको महशुस** | | |
| छैन | ७५ | ६२.५ |
| छ | ४५ | ३७.५ |
| **जम्मा** | **१२०** | **१००.०** |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

परिवार, समाज र शैक्षिक संस्थामा महिला र पूरुषवीच लैङ्गिक विभेद रहेको छ भन्ने पुरुष विद्यार्थीको संख्या २ जना अर्थात १.७ प्रतिशत रहेको छ । जम्मा ५७ जना पुरुष विद्यार्थीको संख्या अर्थात ४७.५ प्रतिशत पुरुष विद्यार्थीले लैङ्गिक विभेदको अनुभव नरहेको यस अध्ययनमा रहेको छ । कुल विद्यार्थी सङ्ख्या १२० मध्ये २८ जना अर्थात २३.३ प्रतिशत महिला विद्यार्थीले लैङ्गिक विभेदको अनुभव गरेको यस अध्ययनले देखाएको छ । जम्मा ३३ जना महिला विद्यार्थी अर्थात २७.५ प्रतिशतले फरक किसिमको ब्यवहारको अनुभुती नगरेको यस अध्ययनमा रहेको छ ।

यस अध्ययनमा कुल विद्यार्थीको जम्मा ७५ जना विद्यार्थी अर्थात् ६२.५ प्रतिशतले परिवारभित्र लैङ्गिक विभेदको महशुस नगरेको बताएका छन भने जम्मा ४५ जना विद्यार्थीहरुअर्थात ३७.५ प्रतिशतले लैङ्गिक विभेदको महशुस गरेको बताएका छन् ।

परिवार, समाज र शैक्षिक संस्थामा विद्यार्थीहरुको कुल सङ्ख्याको जम्मा ७६ जना अर्थात ६३.३ प्रतिशतले लैङ्गिक विभेद रहेको र ४४ जना विद्यार्थीहरुले अर्थात ३६.७ प्रतिशतले लैङ्गिक विभेद नरहेको यस अध्ययनले देखाएको छ ।

## ५.५ सामाजिक गतिविधिमा विद्यार्थीको सङ्लग्नता

समाज तथा कलेजका विभिन्न कार्यक्रम तथा सामाजिक गतिविधिहरुमा पुरुषको तुलनामा महिलाको सहभागिता तथा संलग्नतामा कमी रहेको यस अध्ययनमा पाइएको छ ।

**तालिका ५.१५: सामाजिक गतिविधिमा सङ्लग्नता**

| **शैक्षिक संस्थामा कुनै सङ्गठनमा आवद्ध** | **भएको** | **नभएको** | **जम्मा** | |
|---|---|---|---|---|
| पुरूष | ४३ | १६ | ५९ | |
| महिला | ३१ | ३० | ६१ | |
| **जम्मा** | ७४ | ४६ | १२० | |
| **समाजको सामाजिक गतिविधिमा संलग्नता** | **हरेक समय** | **कहिलेकाँही** | **नहुने** | **जम्मा** |
| प्लस टु | २५ | १५ | | ४० |
| स्नातक | १९ | १८ | | ४० |
| स्नातकोत्तर | २० | २० | | ४० |
| **जम्मा** | ६४ | ५३ | | १२० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

माथीको तालिकामा पुरूष तथा महिला विद्यार्थीहरूको सामाजिक कार्यमा कस्तो सहभागीता रहेको पाइन्छ भन्ने विषयलाई उजागर गरिएको छ । शैक्षिक संस्थामा कुनै पनि सगंठनमा आवद्ध रहेर काम गर्ने पुरूष विद्यार्थी जम्मा ४३ जना र सगंठनमा आवद्ध नरहने पूरूष विद्यार्थीको सङ्ख्या जम्मा १६ जना रहेका छन् । जहाँ शैक्षिक संस्थामा सगंठनमा रहेर कार्य गर्ने महिला विद्यार्थीको सङ्ख्या ३१ जना र सगंठनमा रहेर कार्य नगर्ने महिला विद्यार्थीको सङ्ख्या जम्मा ३० जना रहेका छन् । यसमा पनि पुरूषको तुलनामा महिलाको सामाजिक गतिविधिमा संलग्नता कम रहेको देखिन्छ ।

समाजको सामाजिक गतिविधिमा प्लस टु मा अध्ययन गर्ने २५ जना विद्यार्थीहरूले हरेक समय आफ्नो उपश्थिति रहने र जम्मा १५ जना प्लस टुमा अध्ययन गर्ने विद्यार्थीहरू कहिलेकाहीं मात्र आफ्नो उपश्थिति रहने अध्ययनले देखाएको छ । स्नातक तहमा अध्ययन गर्ने जम्मा १९ जना विद्यार्थीहरू समाजका सामाजिक गतिविधिमा हरेक समय संलग्न रहेका छन् भने जम्मा १८ जना स्नातक तहका विद्यार्थीहरु कहिलेकाँही मात्र सामाजिक गतिविधिमा संलग्न रहेका छन् । जम्मा ३ जना स्नातक तहका विद्यार्थीहरू सामाजिक गतिविधिमा संलग्न नहुने यस अध्ययनमा देखिएको छ ।

**तालिका ५.१६: शैक्षिक संस्थाका गतिविधि वीचको अन्तरसम्वन्ध**

| लिङ्ग | सङ्गठनमा आवद्ध | | जम्मा |
|---|---|---|---|
| | हुने | नहुने | |
| पुरूष | ४३ | १६ | ५९ |
| महिला | ३१ | ३० | ६१ |
| **जम्मा** | ७४ | ४६ | १२० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

शैक्षिक संस्थाभित्र विभिन्न सगंठनमा रहेर कार्य गर्ने पुरूष विद्यार्थीको सङ्ख्या जम्मा ४३ जना र सगठनमा रहेर केहि कार्य नगर्ने पुरूष विद्यार्थीको सङख्या १६ जना रहेका छन् । शैक्षिक संस्था भित्र विभिन्न सगंठनमा संलग्न रहेर कार्य गर्ने महिला विद्यार्थीको सङ्ख्या जम्मा ३१ जना र कुनै संगठनमा संलग्न नरहने महिला विद्यार्थीको सङ्ख्या जम्मा ३० जना रहेको छ । पुरूष विद्यार्थीको तुलनामा महिला विद्यार्थीहरु शैक्षिक संस्थाका विविध गतिविधिमा संलग्न नरहेको पाइयो ।

**तलिका ५.१७: जेण्डर र विद्‍यार्थीको सामाजिक गतिविधि विचको अन्तरसम्बन्ध**

| **लिङ्ग** | **संगठनमा आवद्ध** | | | **जम्मा** |
|---|---|---|---|---|
| | **हरेक समय** | **कहिलेकाहि** | **सहभागी नहुने** | |
| पुरूष | ४१ | १८ | ० | ५९ |
| महिला | २३ | ३५ | ३ | ६१ |
| **जम्मा** | ६४ | ५३ | ३ | १२० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७२ ।*

माथीको तालिकामा समाज हुने विविध गतिविधिमा हरेक समय ४१ जना पुरूषको उपशि्थति रहन्छ भने २३ जना महिलाको मात्र हरेक समय समाजका गतिविधिमा संलग्नता रहेको हुन्छ । १८ जना पूरूष विद्‍यार्थीको कहिलेकाहीं संलग्नता रहन्छ भने ३५ जना महिला विद्‍यार्थीको कहिलेकाँही संलग्नता रहेको हुन्छ । कुल १२० जना विद्‍यार्थीहरुमा जम्मा ३ जना महिला विद्‍यार्थीहरु समाजको कुनै पनि गतिविधिमा संलग्न रहेका छैनन् ।

# अध्याय छ

# अध्ययनको सारांस र निश्कर्ष

## ६.१ सारांश

यस अध्ययनको पहिलो अध्यायमा लैङ्गिक विभेद सम्बन्धि परिचयलाई समावेश गरिएको छ । जसअन्तर्गत अध्ययन परिवार समाज र शैक्षिक संस्थामा लैङ्गिक विभेदका कारण विद्यार्थीहरुले दैनिक जीवनमा अनुभव गरेका विषयलाई यसमा समावेश गरिएको छ । यस अध्ययनमा घर बाहिर जाँदा परिवारको पूर्व अनुमती, पारिवारिक निर्णय प्रक्रियामा सहभागीता, अध्ययन गर्ने विषयको छनोट र समाजले विद्यार्थीको शैक्षिक योग्यता प्रति राखेको दृष्ट्रिकोणलाई उद्देश्य राखी सोहि अर्न्तगत रहेर अध्ययन गरिएको छ । अनियमित (र्‍याण्डम स्याम्पल) नमुना छनौट विधिको प्रयोग गरी अध्ययन गरिएको छ ।

अध्ययनको चौथो र पाँचौ अध्यायमा अध्ययनको स्थलगत सर्वेक्षण पछि आएका परिणामहरूलाई कम्प्यूटर कार्यक्रहहरूको मार्फत वर्णनात्मक तथा विश्लेषणत्मक शैलीमा प्रस्तुत गरिएको छ । समग्रमा समाजमा लामो समय सम्म रहेको लैङ्गिक विभेद कायम रहि रहेको र परिवार, समाज र शैक्षिक संस्था जस्ता समाजका आधारभूत सामाजिक सघं सस्थाहरूमा सामाजिक मान्यताहरुलाई प्राथमिकता दिइरहेको पाइएको छ । अझैपनि परिवारले परिवारका पारिवारिक गतिविधिमा छोरालाई नै बढि प्राथमिकता दिने गरेको, परिवारको निर्णय गर्ने क्रममा छोरालाई सोध्ने, छोरीलाई पारिवारिक गतिविधिमा संलग्न नगराउन, छोरीसगँ सम्बन्धित विषयमा मात्र छोरीलाई जानकारी गराउने गरेको छ । समाजका सामाजिक गतिविधिमा महिला भन्दा पूरूषको सहभागीता नै औसतमा बढि रहने गरेको छ । समाजका सामाजिक र परिवारका पारिवारिक नियमहरू पूरूषहरुलाई भन्दा महिलालाई बढि लाग्ने गरेको यस अध्ययनले देखाएको छ ।

## ६.२ निष्कर्ष

यस अध्ययनमा अझै पनि समाजमा महिला र पूरुष वीच विभेद कायम रहि रहेको पाइएको छ । अध्ययनमा पूरूष विद्यार्थीहरुले घरबाट बाहिर जादाँ परिवारको पूर्व अनुमती लिनु पर्ने जम्मा जम्मा १४ जना र नलिनु पर्ने जम्मा ३३ जना छन् भने कामको प्रकृति हेरेर परिवारबाट पूर्व अनुमती लिनुपर्ने जम्मा १२ जना छन् । महिला विद्यार्थीको हकमा भने जम्मा ३९ जनाले परिवारको पूर्व अनुमती लिएर मात्र बाहिर जान पाउने र जम्मा ८ जनाले मात्र परिवारको पूर्वअनुमती लिनु नपर्ने र जम्मा १४ जनाले कामको प्रकृति हेरेर परिवारको पूर्व अनुमती लिन जरूरी भएको देखाएको छ । यहाँ अझै पनि महिलाले परिवारको पारिवारिक निर्णयलाई महत्व दिन जरूरी रहेको तर पूरूषहरूले भने परिवारलाई जानकारी नगराए पनि हुने देखिएको छ ।

यहाँ घरको निर्णय प्रक्रियामा महिलाको भन्दा पूरुष विद्यार्थीहरूको संलग्नता बढि रहेको पाइएको छ । परिवारको पारिवारिका निर्णय प्रक्रिया र जेण्डरको अध्ययन गर्दा जम्मा ४६ जना पूरूष विद्यार्थीको निर्णय प्रक्रियामा सहभागीता रहेको छ भने जम्मा २० जना महिला विद्यार्थीको मात्र घरको निर्णय प्रक्रियामा सहभागीता रहने गरेको यस अध्ययनले देखाएको छ । जसमा पनि पूरुष विद्यार्थीको मात्रा बढि रहेको छ । जम्मा ३  जना पूरूष विद्यार्थीको निर्णय प्रक्रियामा सहभागीता नरहने र जम्मा १० जना महिला विद्यार्थीहरुको निर्णय प्रक्रियामा सहभागीता नरहने यस अध्ययनमा देखिएको छ ।  महिला विद्यार्थीको आफुसगँ सम्बन्धित विषय भए मात्र जम्मा २५ जनालाई सोध्ने गरेको पाइएको छ । तर जम्मा १० जना पूरूष विद्यार्थीलाई मात्र उनीहरुरूको विषयमा सोध्ने गरेको यस अध्ययनले देखाएको छ । परिवार, समाज जस्ता समाजका आधारभूत सघं संस्थाहरूको निर्णय प्रक्रियामा पुरूषहरूको सहभागीतालाई प्राथमिकतामा राख्ने गरेको यस अध्ययनमा पाइएको छ ।

सामाजिक लिङ्ग र अध्ययन गर्ने संस्थामा विषय छनोट गर्दा को अनुभवमा जम्मा ४१ पूरूष विद्यार्थीहरूले आफूले अध्ययन गर्ने विषयको छनोट आफैँले गरेका छन् भने जम्मा ३३ जना महिला विद्यार्थीले मात्र आफूले अध्ययन गर्ने विषयको छनोट आफैं गर्ने गरेको पाइयो । लैङ्गिक विभेदको मात्रामा केहि कमी त भएको तर पूरै अवसर पाउन भने सहज नभएको यसमा देखिएको छ । जम्मा १० जना पूरूष विद्यार्थीहरूले परिवारको सहयोगमा आफूले

अध्ययन गर्ने विषयको छनोट गर्ने गर्छन भने जम्मा १८ जना महिला विद्यार्थीहरुले परिवारको सहयोगमा अध्ययन गर्ने विषयको छनोट गर्ने गरेका छन् । यसमा पनि लैङ्गिक विभेद रहेको देखिन आएको छ । धेरै महिलाहरूले आफूले अध्ययन गर्ने विषयको छनोट आफू अनुकुल नभई परिवारको अनुकुलको पढ्ने गरेको पाइएको छ ।

पूरूष र महिला विद्यार्थीको शैक्षिक योग्यता प्रति समाजको दृष्ट्रिकोणमा जम्मा २९ पूरूष विद्यार्थीको शैक्षिक योग्यतालाई समाजले सम्मानजनक तरिकाले हेर्छन भने जम्मा १७ जना महिला विद्यार्थीको शैक्षिक योग्यतालाई मात्र समाजले सम्मानजनक दृष्ट्रिकोणले हेरेको यस अध्ययनमा पाइएको छ । जम्मा ३० जना पूरूष विद्यार्थीको शैक्षिक योग्यता प्रति समाज आशावादी रहेको र जम्मा ४२ जना महिला विद्यार्थीको शैक्षिक योग्यता प्रति मात्र समाजको आशावादी दृष्ट्रिकोण रहेको छ । अझै पनि समाजले महिलाको भन्दा पूरूषको शैक्षिक योग्यता प्रति विशेष ध्यान दिने गरेको यस अध्ययनमा देखिएको छ । समाज र परिवार जस्ता आधारभुत सामाजिक संस्थाहरूले पूरूषको भूमिकालाई महत्वपूर्ण रूपमा लिएको छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, लीला (२००८), *शिक्षामा लैङ्गिक विभेद सम्बन्धी महिलाको दृष्टिकोण,* एसआईआरएफ, एसएनवी, नेपाल ।

आचार्य, बलराम (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन,* काठमाण्डौः राज अफसेट प्रेस ।

घिमिरे देवीमाया (२०६६), *लैङ्गिक असमानत, महिला सशक्तिकरण तथा समावेशीकरणको अवधारणा र नेपालको सन्दर्भ, सोपान* मासिक, काठमाडौं ।

नेपालको अन्तरिम संविधान २०६३, *युएनडीपी नेपाल,* माघ २०६५

नेपालको संविधान २०७२, *नेपाल सरकार, कानुन, न्याय संविधान तथा संसदीय मामिला मन्त्रालय,* कानुन किताव व्यबश्था समिति ।

भषिन, कमला (१९९४), *पितृसत्ता के हो ?* काली फर उमन, नयाँ दिल्ली ।

विश्व बैक (२०००), द वर्ल्ड डेभलपमेन्ट रिर्पोट ।


**अंग्रेजी**


Achary, Balaram (2003), *Gender Studies, a Sociological Analysis,* Kathmandu:

Acharya, M. and L. Bennet (1982). *Women and subsistence sector:* Economic Participation and House World Decision.

Batiwala, S. (1994), *Women's empowerment in south Asia: Concept and Practice,* New Delhi.

Belbase and Pyakurel (2000). *The speech for equality,* A Human Rights Issue Forum for Protection of Public Interest, (Propublic) UNIFEM, Gender Equality Education.

Bhasin, K. (2000), *Understanding gender kali for women,* New Delhi: Women Unlimited.

Bhasin, K. (2004), *Understanding gender Kali for women,* New Delhi. Women Unlimited.

Bhasin, Kamala and Khan Nighat Said (2000), *Some questions on feminism and its relevance in south Asia,* Kali for Women B1/8 Hauz Khas, New Delhi.

CDS: Collins Dictionary of Social-Science (1995).

Ghimire, D. (1977), *Women and development,* Kathmandu: Center for Economic Development and Administration, Tribhuwan University.

Khanal, S. (2003*), Sustainability the lasting fuel, forum of sustainable development-Nepal*, Kathmandu.

O'Byrne, D.J. (2005). *Human rights: An introduction,* (Delhi Person Education).

Pokharel, T. (2005). *Equality: A paper presented on the occasion of world population day 2005*, Pokhara:  Pokhara University.

Raj, Hans (2003) "*Family planning, population studies fundamental of population,* New Delhi, India: Surjet Publicatio. PP132-136.

Rao, N.J. (2005). *Women in developing soci*ety, New Delhi, Ashis Publishing House.

Ritzer, Gergo. (1996). *Modern sociological theory*, International Mc Graw Hill Editions.

Scout, Pax. (2007). *One world one promise*: Gift for Peace Planning and Activies. (http://www.oneworldaction.org).

Sen, Amartya (2001). *Inequality:*  Lecture given at Pad cliff Institution at Harved University on April 24, 2001.

Shrees, S. (2012). *Gender based discrimination in education: A case study of Magar community in Lamachaur VDC Kaski*, An Unpublished Thesis, Prithivi Narayan Multiple Campus.

UNDP, (1998), *Nepal human development report*, Kathmandu: UNDP .

# अनुसूचीहरू

## अनुसूची १

## परिवार, समाज र शैक्षिक संस्थामा लैङ्गिक सम्बन्ध लेखनाथको एक अध्ययन

**विलकुलै शैक्षिक प्रयोजनका लागि संकलित यि सूचनाहरू सूचनादाताको ब्यक्तिगत परिचय खुल्ने गरि कहिं कतै सार्वजनिक नगरिने प्रतिबदता व्यक्त गर्दछु ।**

**परिचयात्मक विवरणहरू :**

नाम ( ऐच्छिक ) : उमेर :

शैक्षिक योग्यता : लिङ्ग :

शैक्षिक संस्थाको नाम : विवाहित /अविवाहित :

**प्रश्नावलीहरू : (कुनै एकमा रेजा ( √ )चिन्ह लगाउनु होस् ।)**

१. तपाई कस्तो परिवारको सदस्य हो ?

क. एकल परिवार ☐ ख. संयुक्त परिवार ☐ ग. वृहत परिवार ☐

२. तपाईको परिवारमा कति जना सदस्यहरू छन् ?

क. २-३ जना ☐ ख. ४-६ जना ☐ ग. ६ भन्दा बढी☐

३. तपाईको बावुको शैक्षिक योग्यता कति हो ?

क. साक्षर ☐ ख. एस.एल.सी.☐ ग. स्नातक☐ घ. स्नाकोत्तर ☐ ङ. त्यो भन्दा माथि☐

४. तपाईको बाबुको पेशा के हो ?

क. सरकारी जागीर ☐ ख. कृषि व्यवशाय☐ ग. बैदेशिक रोजगार ☐

घ. अन्य (……………………)

५. तपाईको आमाको शैक्षिक योग्यता कति हो ?

क. साक्षर☐ ख. एस.एल.सी.☐ ग. स्नातक☐ घ. स्नाकोत्तर☐

ङ. त्यो भन्दा माथि☐

६. तपाईको आमाको पेशा के हो ?

क. घरायसी काम ☐ ख. जागीर ☐ ग. बैदेशिक रोजगार☐

घ. कृषि व्यवशाय ☐ ङ. अन्य (……………………)

७. तपाई घर बाहिर जाँदा अभिभावकको पूर्व अनुमति लिन जरुरी हुन्छ ?

क. हुन्छ☐ ख. हुँदैन ☐ ग. कामको प्रकृति हेरेर ☐

८. घरको निर्णय प्रक्रियामा तपाईलाई समावेश गरिन्छ ?

क. गरिन्छ ☐ ख. गरिदैन☐ ग. म सगँ सम्बन्धित भए मात्र☐

९. तपाईको परिवारको पारिवारिक निर्णयमा कस्को बढी सहभागिता हुन्छ ?

क. आमाको ☐ ख. बाबुको ☐ ग. दुवैको ☐

घ.परिवारको सबै जनाको ☐

१०. आफुलाई आवश्यक सामग्री किन्न तपाईलाई नै रूपैयाँ उपलब्ध गराइन्छ ?

क. गराइन्छ☐ ख. गराइदैन☐ ग. चाडपर्वमा मात्र☐

११. साथीहरूलाई घरमा ल्याएर खाना खुवाउने तथा सँगै बसाउने अधिकार हुन्छ ?

क. हुन्छ ☐ ख. हुँदैन ☐ ग. आकस्मिक स्थितिमा मात्र☐

१२. तपाईले अध्ययन गर्ने संस्थाको कुन संकायमा पुरुष विद्‌यार्थीको बाहुल्यता छ ?

क. मानविकी☐ ख. व्यवस्थापन☐ ग. विज्ञान☐ घ.शिक्षा ☐

ङ. अन्य (……………………)

१३. तपाईले अध्ययन गर्ने संस्थाको कुन संकायमा महिला विद्यार्थीको बाहुल्यता छ ?

क. मानविकी ☐ ख. व्यवस्थापन☐ ग. विज्ञान ☐

घ. शिक्षा ☐ ङ. अन्य (......................)

१४. तपाईले अध्ययन गर्ने संस्थामा शिक्षक तथा कर्मचारीमा महिला तथा पुरुषको उपस्थिति कुन अनुपातमा छ ?

क. २०-८० ☐ ख. ३०-७०☐ ग.४०-६०☐ घ.५०-५०☐

ङ.. ६०-४०☐ च. ७०-३०☐ छ. ८०-२० ☐

१५. तपाईले अध्ययन गर्ने संस्थामा महिला तथा पुरुष विद्यार्थीको अनुपात कस्तो छ ?

क. २०-८०☐ ख. ३०-७० ☐ ग. ४०-६०☐ घ. ५०-५०☐

ङ. ६०-४० ☐ च. ७०-३०☐ छ. ८०-२०☐

१६. तपाईले अध्ययन गर्ने शिक्षण संस्थामा कुनै प्रतिनिधिमुलक संस्थामा तपाईको उपस्थिति

क. छ☐ ख. छैन☐

१७. तपाईले अध्ययन गर्दा विषय छनोट कसरी गर्नुभयो ?

क. आफैंले ☐ ख. साथीको सहयोगमा☐ ग. परिवारको सहयोगमा☐

घ. शिक्षकको सहयोगमा☐

१८. तपाई समाजमा हुने विभिन्न गतिविधिमा कुन मात्रामा सहभागी हुनुहुन्छ ?

क. धेरै ☐ ख. विरलै☐ ग. कहिल्यै पनि हुन्न ☐

१९. समाजको सामाजिक निर्णयमा तपाईको उपस्थितिलाई कुन रूपमा लिइन्छ ?

क. महत्वपुर्ण☐ ख. सामान्य☐ ग. निरर्थक☐

२०. तपाईको शैक्षिक योग्यता प्रति समाजको दृष्टिकोण कस्तो छ ?

क. सम्मानजनक☐ ख. आशावादी☐ ग. अर्थहिन ☐

२१. सामाजिक संघ संस्थामा तपाईको प्रतिनिधित्व

क. छ☐ ख. छैन☐

२२. सामाजिक अभियानमा हुने गतिविधिमा तपाईको नेतृत्वलाई समाजका अन्य सदस्यहरूले कसरी लिन्छन ?

क. सकारात्मक ☐ ख. सामान्य☐ ग. नकारात्मक ☐

२३. शिक्षण संस्थामा अध्ययनको सिलसिलामा त्यस्तो कुनै व्यवहारमा आफ्नो लैङ्गिक कारणले तपाईलाई छुट्टै व्यवहार भएको उदाहरण छ ?

क. पुरुष विद्यार्थीको हकमा.... अ. छ ☐ आ. छैन☐

ख. महिला विद्यार्थीको हकमा.. अ. छ☐ आ. छैन☐

**सहयोगको लागि धन्यवाद**